# अभियान साप्ताहिक

ABHIYAN WEEKLY

Devendrachudal@gmail.com

वर्ष : ४१ / अंक : ३४ / २०८० चैत ३० गते शुक्रबार / नेपाल सम्वत ११४४ / Apr. 12, 2024 / मूल्य रु. १०/-


## प्रदेशसभा खारेज गरौं

काठमाडौ । संविधानले मुलुकका तीन तहको सरकार हुने व्यवस्था गरेपछि अहिले तिनै तहका सरकार निर्वाचनमार्फत सञ्चालनमा रहेका छन् । संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहका सरकार रहेका छन् । यी तीनै तहका सरकारमा बस्ने व्यक्तिहरूलाई राज्यले तलब भत्ता लगायत अनेक सुविधा प्रदान गरेको छ ।

तीनै तहमा गरि झण्डै ६० हजार व्यक्तिले तलब भत्ता लगायतका सुविधा लिने गरेका भएपनि जनताले भने आवश्यक पर्ने सेवा सुविधा पाउन सकेको छैनन् । कृषि मुलुकको आवश्यकता हो । कृषिको विकास गर्न सकेको खण्डमा मुलुकलाई आत्मनिर्भर बनाउन सकिने सम्भावना भएपनि कृषि व्यवसायलाई तिनै तहका सरकारले प्राथमिकतामा राख्न सकेका छैनन् ।

संघीय सरकारको प्रत्यक्ष मार स्थानीय तहमा नगरेपनि प्रदेश सरकारमा प्रत्यक्ष मार पर्ने गरेको छ । संघीय सरकार र प्रदेश

>>> बाँकी ८ पेजमा

हामीलाई www.abhiyanweekly.com.np मा पनि पढ्न सकिन्छ ।

## सत्ता र प्रतिपक्षीबीचकै कारण संसद बन्धक

काठमाडौ । गृहमन्त्री रवि लामिछाने सहकारी ठगीमा मुछिएको भन्दै उनी विरूद्ध संसदीय छानविन समिति बनाउनुपर्ने भन्दै कांग्रेसले संसद अवरोध गरिरहेकाले सत्ता पक्ष र संसदको प्रमुख विपक्षी दल नेपाली कांग्रेसबीचमा टकराव बढ्दै गएको छ । केही समय पहिला कांग्रेसले संसदमा गृहमन्त्री लामिछाने सम्वद्ध कार्यसूची बाहेकका अन्य कार्यमा संसद अवरूद्ध नगर्ने निर्णय गरेको थियो । तर पछिल्लो समयमा त्यस विषयलाई लिएर कांग्रेसभित्रै विवाद समेत उत्पन्न हुन थालेको छ ।

केही दिन पहिला सभामुख देवराज घिमिरेले बोलाएको शिर्ष नेताहरूको बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहालले कांग्रेस सभापति शेरबहादुर देउवालाई सोधे के तपाईहरू साँच्चिकै संसद चल्न नदिने हो भन्दा सभापति देउवा मौन रहे । कांग्रेसले पटक पटक संसदीय छानविन समिति बनाउनुपर्ने माग गरिरहेको छ भने सत्ता पक्ष

>>> बाँकी ८ पेजमा

## बालमन्दिरको जग्गा भाडा प्रकरण : बैद्यमाथि छानविन

काठमाडौ । २०४६ सालको राजनीतिक परिवर्तनपछि सबै भन्दा बढी सत्ताको नेतृत्व गरेको नेपाली कांग्रेस सत्तामा पुगेपछि भ्रष्टाचारमा संलग्न हुने गरेका धेरै उदाहरणहरू भेटिएका छन् । उद्योगधन्दा निजीकरका नाममा कौडीको भाऊमा बेचिएका छन् भने कांग्रेसका नेताहरू भ्रष्टाचारमा डुबेका छन् । सत्ता नपाई बाहिर बस्नै नसक्ने अवस्थामा कांग्रेस पुगेको छ ।

केही समय पहिला सत्ता गुमाएको कांग्रेस यतिबेला फेरी जसरी भएपनि सत्तामा पुग्ने रणनीतिक उदेश्यका साथ अघि बढेको जस्तो देखिएको छ । कांग्रेसले आफ्नो पार्टीका नेता तथा कार्यकर्ताहरू भ्रष्टाचारका मामिलामा कारबाही गर्न सक्ने डरले गर्दा सरकारको विरोध गरिरहेको छ ।

कांग्रेसकै नेतृ एवं स्व. गणेशमान सिंहकी छोरी रिता

>>> बाँकी ८ पेजमा

# २०४६ सालपछिका सबै राजनीतिज्ञको सम्पत्ति छानविन गरौं

## हिजो हात्ती चप्पल लगाउनेहरू आज अर्बौंको मालिक कसरी भए ?

काठमाडौ । मुख्य राजनीतिक दलहरूबीचमा अविश्वासको वातावरण सिर्जना हुँदा संघीय संसद नै अवरूद्ध हुँदै आएको छ । सत्ता गुमाएको नेपाली कांग्रेसले सहकारी ठगीमा संलग्न भएको भन्दै गृहमन्त्री रवि लामिछाने माथि संसदीय छानविन समिति गठन हुनुपर्ने माग गर्दै आएको छ भने सत्ता गठबन्धनमा रहेका दलहरू भने संसदीय छानविन समिति बनाउनु नपर्ने अडानमा रहेका छन् । सत्ता गठबन्धनका अनुसार उजुरी पर्दैमा कसैमाथि संसदीय छानविन समिति बनाउँदै जानुपर्ने हो भने संसदको गरिमा नै घट्ने बताइरहेका छन् ।

भ्रष्टाचारको मामिलामा संसदले ठोस कदम चाल्न सक्ने निर्णय गर्न सक्छ तर दलहरूबीचमा त्यस विषयमा एकमत हुनु जरूरी रहेको छ । मुलुकमा उत्पन्न भएका भ्रष्टाचारका ठुला ठला काण्ड, विभिन्न कालखण्डमा राजनीतिक दलका उच्च तहका नेताहरूनै संलग्न रहेको प्रमाणहरू भेटिएका भएपनि उच्च तहका राजनीतिज्ञहरूमाथि कुनै छानविन र अनुसन्धान नै भएका छैनन् त्यसको एउटै




कारण हो । सत्ता स्वार्थ र पार्टीगत स्वार्थ र व्यक्तिगत स्वार्थ ।

ललिता निवास जग्गा काण्डमा पूर्व प्रधानमन्त्रीद्वय माधव नेपाल र बाबुराम भट्टराई नै संलग्न भएका प्रमाणहरू भेटिएका भएपनि उनीहरूलाई कांग्रेस, माओवादी लगायतको यसभन्दा अगाडिको सत्ता गठबन्धनको सरकारले निणय नै गरेर नेपाल र भट्टराईलाई सरकारी साक्षी राखेर अनुसन्धान र छानविन हुनबाट उन्मुक्ति दिएको थियो । २०४६ सालको राजनीतिक परिवर्तनपछि मुलुक भ्रष्टाचारको जालोमा जेलिएको भएपनि त्यस्तो जालो २०४६ सालपछि गठन भएका कुनै पनि सरकारले तोड्न सकेको छैन ।

ठुला ठुला आयोजनाहरू र ठुला ठुला टेण्डरहरूमा समेत ठुलो मात्रामा भ्रष्टाचार हुने गरेको छ । मुलुकलाई भ्रष्टाचारमा शुन्य सहनशिलतामा पुऱ्याउने उद्घोष गर्ने व्यक्तिहरू वा प्रधानमन्त्री र मन्त्रीहरू नै भ्रष्टाचारमा संलग्न भएका हुनाले कुनैपनि सरकारले भ्रष्टचारका विषयमा दह्रो खुट्टा टेक्न सकेका छैनन् । पछिल्लो समयमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले निकै सक्रिय देखिएको छ । उसले केही राजनीतिज्ञ लगायत अन्य व्यक्तिहरूका विरूद्धमा प्रायः दिनहुँ जसो विशेष अदालतमा मुद्दा दर्ता गरिरहेको छ भएपनि एउटा सम्वैधानिक निकायले मात्र मुलुकलाई भ्रष्टाचार मुक्त बनाउन सक्ने सम्भावना नै रहँदैन ।

विश्वका कुनैपनि मुलुक भ्रष्टाचारमुक्त हुन सकेका छैन । तर, भ्रष्टाचारलाई न्यूनीकरण गर्न उनीहरू सफल हुँदै गएका छन् । भ्रष्टाचारका बारेमा नेपालको कानुन पनि फितलो भएको र राजनीतिज्ञहरूले कर्मचारीतन्त्रलाई देखाएर उनीहरू उम्किने गरेका हुनाले जबसम्म राजनीतिज्ञलाई अनुसन्धानको घेरामा ल्याउन सकिँदैन तबसम्म भ्रष्टाचार घट्ने होइन बढ्दै जाने निश्चित जस्तै रहेको छ ।

>>> बाँकी ८ पेजमा

## सत्ता स्वार्थलाई हेरेर संसदलाई बन्धक नबनाऔं

काठमाडौ । गत हप्ता संसदमा कांग्रेस र रास्वपाका सांसदबीचमा जुहारी चल्यो । त्यो हो आरोप लाग्ने वित्तिकै राजिनामा दिनु पर्ने कि संसदीय छानविन बनाउनु पर्ने भनेर । कांग्रेसका महामन्त्री एवं सासद विश्व प्रकाश शर्माले गृहमन्त्री रवि लामिछाने माथि सहकारी गुठीको आरोप लागेको हुनाले उनीमाथि संसदीय छानविन समिति गठन गरिनुपर्ने यदि त्यसो हुँदैन भने संसदको बैठक चल्न नदिने अभिव्यक्ति दिएका थिए ।

सांसद शर्माको भनाईलाई प्रतिवाद गर्दै रास्वपाको सांसद स्वर्णिम वाग्लेले शर्मालाई जवाफ दिँदै भने संर्वदलीय बैठकबाट निर्णय गराऔं, आरोप लाग्ने वित्तिकै सांसद र मन्त्रीहरूले राजिनामा दिने र संसदीय छानविन समिति बनाउने निर्णय गरिएको खण्डमा सबैभन्दा पहिला रास्वपा त्यो निर्णयमा हस्ताक्षर गर्न तयार छ भनेर ।

अहिले कांग्रेस सत्ताबाट हट्नु परेको पिडामा रहेको र ऊ पानी बेगरको माछा जस्तो भएर छटपटाईरहेको छ । कांग्रेसबाट मन्त्री बनेकाहरू प्रायः सबै भ्रष्टाचारको काण्डमा मुछिएका छन् । पूर्वमन्त्री मोहनबहादुर बस्नेत, टेराम्याक्स प्रकरणमा मुछिएका छन् भने पूर्व सञ्चार तथा सूचना प्रविधि मन्त्री रहेका हालका सांसद ज्ञानेन्द


>>> बाँकी ८ पेजमा

## कांग्रेस-एमाले सच्चिने कि सकिने ?

काठमाडौ । पछिल्लो समयमा राजनीतिक दलहरूको एकमात्र उदेश्य भनेको जसरी भएपनि निर्वाचत जित्नु र सत्तामा पुग्नुमात्र रहेको देखिन्छ । राजनीति दलहरूले सत्तालाई कमाई खाने भाँडोको रूपमा प्रयोग गर्ने गरेकाले गर्दा नै उनीहरू जस्तोसुकै हथकण्डाहरू प्रयोग गरेर भएपनि निर्वाचन जित्ने र सत्तामा पुग्ने रणनीनि लिएका हुनाले राजनीतिक दलहरू प्रति जनतामा वितृष्णा बढ्दै गएकोले गर्दा जनताले पुराना दलहरूलाई भन्दा नयाँ दलहरूलाई विश्वस गर्न थालेको आभास दिन थालेका छन् ।

त्यसको प्रत्यक्ष प्रमाण हो दल गठन भएको एक वर्षसम्म नपुग्दै राष्ट्रिय स्वतन्त्र

>>> बाँकी ८ पेजमा





# यस्ता छन् लगानी सम्मेलनमा प्रस्तुत गरिने परियोजना ?

काठमाडौँ । लगानी बोर्डले आगामी वैशाख १६ र १७ गते हुने तेस्रो लगानी सम्मेलनमा प्रस्तुत गर्ने परियोजना टुङ्ग्याउने प्रक्रिया अन्तिम चरणमा पुऱ्याएको छ । दुई दिने सम्मेलन सुरू हुन तीन साता मात्रै बाँकी रहँदा लगानीकर्ता समक्ष प्रस्तुत गरिने परियोजना करिब–करिब टुङ्गो लगाएको हो ।

बोर्डका अनुसार लगानी सम्मेलनमा प्रस्तुत गर्नका लागि १२५ वटा परियोजना छानिएका छन् । यी परियोजनामा १० प्रतिशतसम्म थपघट हुन सक्छ । बोर्डले सम्मेलनमा प्रस्तुत गर्न तयार पारेका परियोजना विभिन्न ९ चरणमा बाँडिएका छन् । सम्मेलनमा सहभागिता जनाउने स्वदेशी–विदेशी लगानीकर्ता समक्ष प्रस्तुत गरिने परियोजनालाई ९ चरणमा




विभाजन गरिएको हो ।

लगानीकर्ता समक्ष प्रस्तुतका लागि छानिएकामध्ये ४ वटा आयोजनाको विकास सम्झौता (पीडीए) हुनेछ । यो आयोजनालाई अघि बढाउनका लागि अन्तिम चरणको सम्झौता हो । विकासकर्ता र लगानी बोर्डबिच ४ वटा आयोजनाको पीडीए हुने गरी आयोजना तयार भएका छन् । पीडीए हुने चरणमा रहेका आयोजनाहरूको सूचीमा चीन–नेपाल फ्रेण्डसीप इन्डष्ट्रियल पार्क अग्रस्थानमा छ ।

अप्पर मर्स्याङ्दी–२, कोहलपुरमा बन्ने ४० मेगावाट क्षमताको सोलार परियोजना र डाबर नेपालको लगानी वृद्धि परियोजना पीडीएका लागि छानिएका अन्य आयोजना हुन् । बोर्डका सहसचिव तथा प्रवक्ता प्रद्युम्न प्रसाद उपाध्यायले पीडीए गर्ने गरी ४ वटा परियोजना छानिएको बताए । यस्तै सम्मेलनमा २० परियोजना आशयपत्र माग्दै प्रस्तुत गरिँदैछ ।

लगानीको सम्भाव्यता देखिएका ६ परियोजना, पहिचानको चरणमा रहेका ३३ परियोजना, वित्तीय सुनिश्चितताका चरणमा रहेका २० र निजी लगानीमा बन्ने गरी अघि बढेका १८ परियोजना प्रस्तुत हुँदैछन् । यस्तै निजी क्षेत्रका छाता संगठन र अन्य संस्थाले पहिचान गरेका १२ परियोजना र अन्य १२ गरी १२५ परियोजना लगानी सम्मेलनका लागि छानिएका हुन् ।

'यी परियोजना विभिन्न चरणमा छन् । यसमध्ये ४ वटा पीडीए चरणमा छन्,' बोर्डका अधिकारीले भने, '२० वटा परियोजनामा

>>> बाँकी ८ पेजमा

## दलहरूकै कारण लोकतन्त्रको बद्नाम

काठमाडौ । राजनीतिक दलहरू पछिल्लो समयमा आर्थिक र नैतिक सबै हिसाबले भ्रष्टाचारमा अघि बढ्दै गएका छन् । पहिला देखि नै दल र तिनका शिर्ष नेताहरूमा हुर्किँदै गएको गुट उपगुटलाई अहिले पनि दलहरूले सुधार गर्न सकेका छैनन् भने त्यही गुट र उपगुट संस्थागत हुँदै गएकाले गर्दा आ आफ्ना गुट र उपगुटलाई सञ्चाल गर्न उनीहरूले भ्रष्टाचारीलाई प्रश्रय दिँदै आएका छन् । जनतालाई झुक्याउनका लागि दलहरूले शुन्य सहनशिलताको नारा दिएपनि राजनीतिक नेतृत्व नै भ्रष्टाचारमा र अनियमिताको आहालमा डुबेका छन् ।

ठुला ठुला भ्रष्टाचारका काण्डमा प्राय सबै दलका शिर्ष नेताहरू नै संलग्न रहँदै आएका भएपनि उनीहरूमाथि कुनै कानुनी कारबाही भने हुन सकेको छैन । तल्लो तहका

>>> बाँकी ८ पेजमा

# स्वतन्त्रताको लागि संघर्ष

दिपक आचार्य

"कश्मीरलाई अन्तर्राष्ट्रिय रूपमा विवादित क्षेत्रको रूपमा मान्यता दिइएको छ जसको अन्तिम स्थिति जनताले निर्धारण गर्न बाँकी छ । यसको सार्वभौमसत्ता र आत्मनिर्णयको अधिकारलाई बेवास्ता गरिनु चिन्ताको विषय हो । यो एउटा न्यायोचित र व्यावहारिक समाधान खोज्नको लागि तुरुन्तै सडकमा ल्याउन आवश्यक छ । भारतले कश्मीर भारतको अभिन्न अंग भएको दाबी गर्दै कश्मीरका जनता वा पाकिस्तानसँग कुनै पनि हिसाबले वार्ता गर्न अस्वीकार गरेको छ । यो दाबी कश्मीरका जनताले मात्रै होइन, अन्तर्राष्ट्रिय समुदायले पनि अस्वीकार गरेका छन्,' वर्ल्ड फोरम फर पिस एण्ड जस्टिसका अध्यक्ष डा गुलाम नबी फाईले काश्मिरका अधिवक्ता फेहमी काकाले आयोजना गरेको भर्चुअल सम्मेलनमा भनेका थिए । प्रिजेन, कोसोभो 'स्वतन्त्रताको लागि संघर्षः कोसोभो र कश्मीरको तुलनात्मक विश्लेषण' विषयमा ।

डा. फाईले भारतका विदेशमन्त्री डा. जयशंकरलाई उद्धृत गरे जसले मे ५, २०२३ मा भनेका थिए, 'कश्मीर भारतको अभिन्न अंग थियो, छ र सधैं रहनेछ ।' भारतीय विदेशमन्त्री, फाईले वकालत गरेको भ्रममा समानता छ । अति-राष्ट्रवादी-समर्थित सर्बियाका पूर्व प्रधानमन्त्री भोजिस्लाभ कोस्टुनिकाको भ्रमको साथ, जसले २००८ मा एक अनियन्त्रित भीडलाई भने, "कोसोभो सर्बियाको हो; कोसोभो सर्ब राष्ट्रको हो, उनले थपे, "त्यहाँ कुनै बल, कुनै धम्की, कुनै कठोर र भयानक सजाय छैन जुन कुनै पनि सर्बलाई, कहीं पनि, अन्यथा भन्न सकोस् तर कोसोभो सर्बिया हो ।" के यो सर्बियाको अति राष्ट्रवादी प्रधानमन्त्री भारतको नेतृत्वको आक्रोशसँग मिल्दोजुल्दो छैन? दुर्भाग्यवश, यो गर्छ । सर्बियाका अतिराष्ट्रवादी र भाजपा नेतृत्वको मोदी सरकारको विचारमा खासै भिन्नता छैन । एक निष्पक्ष



पर्यवेक्षकले पक्कै पनि भारत र सर्बियाको अहंकारी अडानमा उल्लेखनीय समानता पाउनुहुनेछ । यो उल्लेखनीय समानता हावी समूहहरूमा तुरुन्तै देखिने नहुन सक्छ, तर कोसोभोको सफलताको कथाले अन्यायपूर्ण अधीनता सधैंभरि स्थायी हुन सक्दैन भनेर प्रमाणित गर्दछ ।"

कश्मीरीहरूको हत्या, पीडा र ठूलो अपमान अन्त्य गर्न चाहनेहरूका लागि यो ठूलो निराशा हो । भारत जोसेफ गोएबल्ससँग सहमत देखिन्छ कि यदि तपाईले धेरै ठूलो भूट बोल्नुभयो र दोहोर्याइरहनुभयो भने, मानिसहरूले अन्ततः विश्वास गर्नेछन् । राज्यले जनतालाई भूटको राजनीतिक, आर्थिक र/वा सैन्य परिणामबाट जोगाउन सक्ने समयको लागि मात्र भूटलाई कायम राख्न सकिन्छ । यसरी असहमतिलाई दबाउन राज्यले आफ्ना सबै शक्तिहरू प्रयोग गर्नु अत्यन्तै महत्वपूर्ण हुन्छ, किनकि सत्य भूटको प्राणघातक शत्रु हो र यसरी विस्तार गर्दा सत्य राज्यको सबैभन्दा ठूलो शत्रु हो ।

'कोसोभोको स्वतन्त्रता घोषणाले दमनकारी विदेशी शासन अन्तर्गत मूर्खतापूर्ण र लामो समयसम्म पीडा सहने जनताको वास्तविक भावनालाई सुन्दर ढंगले समेट्छ । घोषणापत्रले मानव मर्यादालाई सम्मान गर्ने, वर्षौंको द्वन्द्व र हिंसाको पीडादायी विरासतको सामना गर्ने, सांस्कृतिक विविधताको प्रवर्द्धन र सम्मान गर्ने, आफ्ना नागरिकको इच्छालाई स्वतन्त्र रूपमा अभिव्यक्त गर्ने लोकतन्त्र निर्माण गर्ने, मानवअधिकारको उच्चतम स्तर हासिल गर्ने इच्छा व्यक्त गरेको छ । र सुशासन, मानव अधिकार र यसका सबै नागरिकहरूको मौलिक स्वतन्त्रताको रक्षा गर्न र अन्तर्राष्ट्रिय शान्ति र स्थिरताको प्राप्तिमा योगदान पुर्याउँछ । कश्मीरीहरूले कागजातको पुष्टिबाट निश्चित रूपमा पहिचान गर्न सक्छन् किनभने यसका सबै सिद्धान्तहरू, विशेष गरी मानव मर्यादा, अधिकार र स्वतन्त्रताको संरक्षण गर्नेहरूलाई उनीहरूको जीवनबाट पूर्ण रूपमा रोकिएको छ । कश्मीरका जनताले हिरासतमा हत्या, सेनाको क्रूरता, कुटपिट, यातना, हिंसा, नागरिकहरू विरूद्ध प्रतिशोधात्मक आक्रमण, अपहरण र बेपत्ता, व्यक्तिगत सम्पत्तिको विनाश, बालबालिकालाई अनाथ र घरबारविहीन बनाउने, ठूलो मात्रामा मानवअधिकार उल्लङ्घनको शिकार भएका छन् । दैनिक हिंसा र यौन शोषणको आघातबाट हुने मनोवैज्ञानिक रोगहरू,' फाइले बताए ।

१कश्मीर आफैंलाई अझ ठूलो समस्याको रूपमा प्रस्तुत गर्दछ किनभने यो एक मात्र क्षेत्र हो जसले आफ्नो सीमाना तीन आणविक देशहरू भारत, पाकिस्तान र चीनसँग साझा गर्दछ । र त्यहाँ अनुमानित ९ लाख भारतीय सेना र अर्धसैनिक बलहरू छन् । भारतकी प्रख्यात लेखिका अरून्धती रोयले भनेकी छिन्, 'कश्मीर विश्वको सबैभन्दा घना ओगटेको सैन्य क्षेत्र हो ।' र युरोपेली संसदले यसलाई पृथ्वीको सबैभन्दा सुन्दर जेल भनेको छ । कश्मीरी जनताको पीडा लामो समयदेखि चल्दै आएको छ । विश्व शक्तिहरूले कश्मीरका जनतालाई के चाहन्छन् भनेर सोध्ने बेला आएको छ ? सायद यसले दलहरूलाई उनीहरूको मतभेदको केन्द्रविन्दु, जनताको आकांक्षासँग व्यवहार गर्न बाध्य पार्छ ।यो हाम्रो एकताबद्ध अन्तर्राष्ट्रिय आवाजहरू सुन्ने समय हो ताकि अन्तिम शान्तिपूर्ण संकल्प लागू गर्न सकिन्छ - जुन आत्म-निर्णयको सिद्धान्तहरूसँग मिल्दोजुल्दो छ,' फाइले भने ।

# भारतको जनसंख्या बृद्धिमा मुस्लिमलाई दोष दिनु उचित हो ?

रमेश कार्की

श्वेता बिष्टको निधार पसिनाले भिजेको छ र अनुहार बेचैन छ । दाँत र गहिरो सास लिएर, उनी अहिले घण्टौंदेखि प्रसुतिमा छिन् । उनको छोरी जुनसुकै बेला संसारमा आउन सक्छ किनभने उनी त्यो पहिलो रोएको पर्खाइमा छिन्, उसले नौ महिनादेखि आकांक्षा गरिरहेकी छिन् । बिष्टको नवजात शिशु अहिले विश्वको सबैभन्दा बढी जनसंख्या भएको देश भारतको १.४२५ अर्ब मानिसमध्ये एक हुनेछ । वर्ल्ड पपुलेसन रिभ्यू (डब्लुपिआर)को तथ्याङ्क अनुसार सन् २०२२ को अन्त्यसम्ममा भारतको जनसंख्या १.४१ बिलियन थियो । हाले संयुक्त राष्ट्र संघको तथ्याङ्कका आधारमा भारतमा १,४२५ बिलियन जनसंख्या रहेको छ । अप्रिलमा भारतले चीनलाई उछिनेको राष्ट्रसंघले जनाएको छ । यसले दावी गरेको छ कि भारत पहिले नै माइलस्टोनमा पुगेको हुन सक्छ किनभने संयुक्त राष्ट्रको अनुमान अनुमानित हो र सही तथ्याङ्क होइन । सन् १९५० यता चीनमा विश्वमा सबैभन्दा बढी मानिस रहेको छ । सँगै, चीन र भारत विश्वको ड बिलियन जनसंख्या मध्ये एक तिहाइ भन्दा बढी बसोबास गर्दछ ।

सेप्टेम्बर २०२१ मा, प्यू रिसर्च सेन्टर द्वारा संकलित डाटाले विभाजन पछिको छ दशकमा भारतको जनसंख्या तीन गुणा बढी भएको अनुमान गरेको थियो । जनगणनाको तथ्याङ्क अनुसार यो १९५१ मा ३६१ मिलियन मानिसहरूबाट बढेर २०११ मा १.२ बिलियन भन्दा बढी भयो । संयुक्त राष्ट्रको तथ्याङ्कले भारतले सन् २०२० देखि हरेक महिना करिब १० लाख बासिन्दा प्राप्त गरेको दाबी गरेको छ ।

प्यू डाटाले यो पनि सुझाव दिन्छ कि जब देशभरका धार्मिक समूहहरू १८५१ र २०११ को बीचमा अनियमित दरहरू देखेका थिए, सबै प्रमुख धार्मिक समूहहरूको संख्या बढ्यो । तथ्याङ्कले देखाउँछ कि हिन्दू समुदाय ३० करोड ४० लाखबाट बढेर ९६ करोड ६० लाख पुगेको छ, जबकि मुस्लिम ३ करोड ५० लाखबाट बढेर १७ करोड २० लाख पुगेको छ, र आफूलाई क्रिस्चियन भनाउने भारतीयहरूको संख्या ८० लाखबाट बढेर २८ करोड पुगेको छ" । तीनलाई विचार गर्दा इस्लाम र क्रिस्चियन धर्मले धर्म परिवर्तन गरिरहेका छन् ।

यद्यपि, हिन्दू सेना प्रमुख सुशील तिवारीले द वायरलाई भने कि मुस्लिमहरूले जग्गा कब्जा गर्न र धेरै बच्चाहरू उत्पादन गर्न खोजिरहेका छन् ताकि उनीहरूले मुस्लिम नेताहरूलाई सत्तामा चुन्न सकून् । 'मुसलमानहरूले धेरै पटक विवाह गर्छन् र बच्चाहरू जन्माउँछन् जसले त्यसपछि असदुद्दीने ओवैसी जस्ता नेताहरूलाई सत्तामा ल्याउन मतदान गर्छन् । तिनीहरू 'जनसंख्या जिहाद' गर्न चाहन्छन् र यहाँ गजवा-ए-हिन्द स्थापना गर्न चाहन्छन्,' उनले भने ।

तिवारीको विरोध गर्दै, अल्पसंख्यक आयोगका पूर्व अध्यक्ष डा. जफरूल इस्लाम खानले राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस) र समान विचारधाराका संगठनहरूलाई तथ्यको बारेमा चिन्ता नरहेको बताए । तिनीहरूको नीति, खान भन्छन्, यदि मुस्लिमहरूलाई हराउन प्रयोग गर्न सकिन्छ भने कुनै पनि कुरालाई मोड्ने हो ।'उदाहरणका लागि, सरकारी तथ्याङ्कले देखाउँछ कि मुस्लिमहरू हिन्दूभन्दा पनि तल छन् जब बहुविवाहको कुरा आउँछ तर यो दैनिक हिन्दुत्व प्रचारको दिनचर्या हो कि मुस्लिमहरूले चार पत्नीहरू विवाह गर्छन् र दृछ बच्चा जन्माउँछन्,' खानले भने ।

मुस्लिम र मिथकहरू

दक्षिणपन्थी राजनीतिक भाषामा, मुस्लिमहरूलाई एक समुदायको रूपमा लेबल गरिएको छ जुन आफ्नो जनसंख्या संख्या दोब्बर गर्न र अवैध रूपमा भूमि कब्जा गर्न समर्पित छ । त्यस्ता आरोपहरूले भारतमा बहुसंख्यक समुदाय बन्ने मुस्लिमहरूद्वारा एक प्रकारको समन्वित प्रयासलाई संकेत गर्दै 'जनसंख्या जिहाद' जस्ता शब्दहरू र शब्दहरूको सिक्काको परिणाम भएको छ । २०११ मा गरिएको भारतको पछिल्लो जनगणना अनुसार मुस्लिमहरू जनसंख्याको १४ प्रतिशत छन्, जबकि हिन्दुहरू ८० प्रतिशत छन् । असममा, मुख्यमन्त्री हिमन्त विश्व शर्माले दुई बच्चाको नियम अनिवार्य गर्ने समान योजना प्रस्ताव गरे । योजनाको घोषणा गर्दा, उनले यो पनि भने कि जनसंख्या वृद्धिसँग सम्झौता गर्न यस्तो योजना राज्यका मुस्लिमहरू बीच गरीबी र निरक्षरता उन्मूलन गर्ने एकमात्र उपाय" थियो । भाजपाका नेताहरूले कर्नाटक, मध्य प्रदेश र उत्तराखण्ड जस्ता भाजपाका अन्य राज्यहरूमा पनि यस्तो 'जनसंख्या नियन्त्रण' नीतिहरूलाई प्रोत्साहित गरेका छन् । २०१५ मा, उत्तर प्रदेशका भाजपा लोकसभा सदस्य, साक्षी महाराजले हिन्दू महिलाहरूलाई हिन्दू धर्मको रक्षा गर्न कम्तिमा चार बच्चा जन्माउन आग्रह गरेका थिए । बीजेपी द्वारा उत्तेजित त्यस्ता मुस्लिम विरोधी कथाहरू स्वास्थ्य र परिवार कल्याण तथ्याङ्कहरूमा आफ्नो २०१९ रिपोर्टमा बनाइएको भारत सरकारको आफ्नै अनुमानहरू विरूद्ध जाँच, जसले २००५ र २०३० मा अनुमानित प्रजनन दरलाई 'प्रतिस्थापन स्तर' भन्दा तल झर्छ - एक बिन्दु । जहाँ जनसंख्या स्थिर हुन्छ । यो भारतमा इस्लाम र परिवार नियोजन वरपरको यो बयान हो, जुन एसवाइ कुरैशी, एक पूर्व भारतीय निजामती कर्मचारी, आफ्नो भर्खरको पुस्तक द पपुलेशन मिथमा भत्काएका छन् । द वायरसँग कुरा गर्दै कुरैशीले भारतमा मुस्लिम जनसत्याको बारेमा धेरै मिथकहरू फैलाइएको बताए जसले मुस्लिमहरू विरूद्ध हिन्दूहरूमा डर र शत्रुता पैदा गरिरहेको छ । आफ्नो कुरा प्रस्ट पार्न तथ्यहरू प्रयोग गर्दै, उनी थप्छन् कि १९५१ र २०११ को जनगणनाको बीचमा, मुस्लिम जनसंख्यामा १३६ मिलियन र हिन्दूहरूको संख्या६७६ मिलियन थियो । यसरी, जनसंख्या विस्फोट मा ठूलो योगदान हिन्दूहरूबाट आयो - मुस्लिम भन्दा पाँच गुणा बढी । कुरैशीले हिन्दूहरूको तुलनामा भारतीय मुस्लिमहरूको प्रजनन दर उच्च रहेको सुझाव दिँदा, उनी भन्छन्, "यो धर्मको कारणले होइन तर मुस्लिमहरू प्रायः गरिब, कम शिक्षित र स्वास्थ्य सेवाहरूमा पहुँच नभएका कारणले हो । भारतमा मुस्लिम प्रजनन दर पनि अहिले हिन्दू दरको तुलनामा तीव्र रूपमा घटिरहेको छ ।"मुस्लिम र हिन्दू जनसंख्या बीचको खाडल २७० मिलियन बाट ८१० मिलियन सम्म बढ्यो । यसले देखाउँछ कि मुस्लिमले हिन्दूहरूलाई उछिनेको प्रचार बेतुका छ, " उनले भने ।

'भारतले कम वृद्धि दर रेकर्ड गरिरहेको छ, र यसको कुल प्रजनन दर घट्दै गएको भए पनि, भारतको जनसंख्या अझै बढिरहेको छ', पूनम मुत्रेजा, कार्यकारी निर्देशक, भारत जनसंख्या प्रतिष्ठान बताउँछिन् ।


चीनको जनसंख्याको बारेमा कुरा गर्दै, मुत्रेजाले द वायरलाई भने कि देशले २०२२ मा पहिलो पटक नकारात्मक वृद्धि रिपोर्ट गरेको छ, गत वर्षको तुलनामा ८५०, ००० कम जनसंख्या भएको छ । उनी भन्छिन्, भारतले प्रतिस्थापन-स्तरको प्रजनन क्षमता हासिल गरेको छ, तर यसको समग्र जनसंख्याको आकार तुरुन्तै घट्ने छैन । सन् २०११ को जनगणना अनुसार १० देखि २४ वर्ष उमेर समूहका करिब ३६ करोड ५० लाख युवा जनसत्या भएकाले भारतले जनसत्याको गतिको अनुभव गरिरहेको छ ।

मुत्रेजाले यो पनि विश्वास गर्छन् कि ठूलो जनसंख्या भनेको जमिन, पानी, खाना र ऊर्जा जस्ता स्रोतहरूमा बढी दबाब हुन्छ । भारतको पूर्वाधार, जस्तै यातायात, आवास, र स्वास्थ्य सेवा, शिक्षा, धेरै सुधार भएको छ तर थप सुधार आवश्यक छ र बढ्दो जनसंख्याको साथ राख्न सक्षम नहुन सक्छ । भारतमा गरिबी प्रमुख चुनौती रहेको भन्दै उनी बढ्दो जनसंख्याले बेरोजगारी, शिक्षा र स्वास्थ्य सेवामा अपर्याप्त पहुँच र सामाजिक असमानता निम्त्याउन सक्ने बताइन् । बढ्दो जनसंख्याको आडमा, प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा बीजेपीका नेताहरूले जनसंख्या नियन्त्रण विधेयकको मस्यौदा प्रस्ताव गरेका छन् जसले प्रति दम्पती दुई बच्चालाई अनिवार्य गर्ने उपायहरूलाई वैधानिक बनाउन खोज्छ । मस्यौदा विधेयकले विज्ञहरू र समाजबाट ठूलो आलोचना ल्यायो र जनसांख्यिकीय परिवर्तनद्वारा प्रभुत्व स्थापित गरेर देशको जनसंख्या ग्राफलाई उल्टाउने षड्यन्त्रमा संलग्न भएको रूपमा मुस्लिम समुदायको रूपमा कलंकित भएका मुस्लिमहरूमाथि आक्रमणको रूपमा हेरिएको थियो ।

मुत्रेजाका अनुसार जनसंख्या नियन्त्रण विधेयकमा दुईभन्दा बढी सन्तान भएमा राज्यको सुविधाबाट वञ्चित गर्ने जस्ता कडा उपायहरू छन् । उनले थपिन् कि त्यस्ता कडा कदमहरू भारतको लागि कुनै सान्दर्भिक छैन किनभने भारतले जनसंख्यालाई 'नियन्त्रण' गर्न त्यस्ता उपायहरूको माग गर्ने आवाजलाई कहिल्यै स्वीकार गरेको छैन । भारत एक लोकतन्त्र हो, एक देश जहाँ मानिसहरू वाक् र कार्यको स्वतन्त्रता चाहन्छन् ।

देशमा जनसंख्या नियन्त्रणको विगतको स्मरण गर्दै, मुत्रेजाले १९७५ को आपतकालीन अवधिको स्मरण गर्दै भने, 'आपतकालको छोटो अवधिको लागि, भारतले जबरजस्ती नसबंदी जस्ता चरम उपायहरूको सहारा लियो । यसले जनतालाई खासै राम्रोसँग नलागेको र परिवार नियोजन कार्यक्रमलाई असर गरेको छ ।'

# आतंककारी अदानन् खसोगीजस्ता नेताहरू



• राजन कार्की
rajan2012karki@yahoo.com

अहिले टुसाएका रवि लामिछानेजस्ता एकाध नेता छाड्ने हो भने १७ वर्षदेखि नेपालको राजनीति प्रचण्ड, शेरबहादुर देउवा, केपी ओली र माधवकुमार नेपाल, यी चार नेताको वरिपरि चक्कर काटिरहेको छ । प्रचण्ड महान नेता, तर उनले महानता जोगाउन सकेनन् । सन २००५ सेप्टेम्बरको टाइम्स अफ इण्डिया १४५ अंकमा जनयुद्धका नायक प्रचण्डको अन्तर्वाता छापिएको थियो र त्यसमा प्रचण्डले भनेका थिए– हामीले नेपालको सामन्तवादको ढाड भाँचिसकेका छौं । ग्रामिण क्षेत्रलाई स्वतन्त्र पारिसक्यौं ।

आज नेपाल र नेपाली राजनीतिको स्थिति संकटापन्न छ । अस्तित्व मटियामेट हुने खतरामा छ । नारायणमान बिजुक्छे भन्छन्– जो जुनसुकै बेला जुनसुकै ठाउँमा मारिन सक्छन् । निश्चिन्त भएर निदाउन सक्ने अवस्था छैन ।

जनयुद्धका नायक प्रचण्ड ३ पल्ट प्रधानमन्त्री भइसके । वर्षको ३ पल्ट विश्वासको मत पनि पाएका छन् । तर नेपाली जनताको विश्वास आर्जन गर्न सकेनन् । कांग्रेसका देउवा अथवा एमालेका ओली अथवा ओलीसँग टुक्रिएका माधवकुमार नेपाल, यी दुबैको अवस्था पनि भिन्न छैन । आमनागरिकले घृणा गर्ने नेता हुन् यी चारैजना । निरंकूशता र राजनीतिको अपराधिकरण बढ्दो छ । स्वभाविक प्रश्न उठ्छ, लोकतन्त्र कता छ ? देश स्वतन्त्र छ कि छैन ?

सत्य हो, सतित्व र अस्तित्व गुमेपछि फिर्ता हुन्न । जन्तरमन्तरमा फूमन्तरले न नेता बलिया भइरहनछन्,न यिनको शासन र आसन नै सदाका लागि रहन्छ । दिल्लीले सिंहासनमै बसालेको होइन र लेण्डुपलाई ? स्वार्थ पूरा हुनासाथ खँगारिदियो त । नोरियगा हुन् कि ओसामावीन लादेन, मार्कोस हुन् कि सद्दाम हुसेन, सबै विदेशीले तैयार पारेका हतियार थिए । हतियारको काम मालिकले भनेजसरी काट्नु र मालिक फालेपछि खिला लागेर झर्नु, मर्नु र माटो हुनु हो ।

१० वर्षे जनयुद्ध र १९ दिने जनआन्दोलनलाई महायज्ञ नै सम्झेका थिए नेपालीले । नेताहरूले समुद्र मन्थन गरेझैं नेपाली घरघर, मनमन मन्थन गरेकै हुन् । अमृत र विष दुबै निस्क्यो । नेताहरूले अमृत घट घट पिइरहेका छन्, विषको प्याला जनताको भागमा परेको छ, पिइरहेछन्, मरिरहेछन् । अन्ततोगत्वा राष्ट्रियता त्यही विषको असरले बिस्तारै बिस्तारै मर्न थालेको छ ।

नेताको आशन र यिनको शासनमा विष फैलिएको छ । खुशी कोही छैनन् ।

सम्प्रभूता बनाइदिएको, बचाइदिएको पुर्खाले हो । माटोप्रतिको मायाँ भयो भने सम्प्रभूता बाँच्ने पाठ पनि पुर्खाले पढाएर गएका हुन् । वर्तमान राजनीति त भष्मासूर बनेको छ, हामी नै सम्प्रभूता हौं भनेर संविधान लेखे, चुनाव गरे, आफैले जिते, जित्दै आएका छन् तर सम्प्रभूताका मामिलामा छानो बालेर खरानी बेचिरहेछन्, मुनाफा कमाइरहेछन् । सम्प्रभूता बेचेर सत्ता कमाउने यो कस्तो सम्प्रभूता हो ? शासन र सम्प्रभूता त मदारीले देखाउने बाँदरनाच जस्तो भयो ।

लोकतन्त्रमा ७ सय ६१ सरकार छन्, ३५ हजार ९ सय २४ जना जनताबाट चुनिएर जनप्रतिनिधि बनेका छन् । ती देश र जनताका लागि सेवा गर्छु भनेर आएका प्रतिनिधि हुन् । जनता कूशासन र राष्ट्रघात भयो भनेर कोलाहल गरिरहेका छन्, विदेशीले ७७ ठाउँमा सीमा अतिक्रमण गरेर ६० हजार हेक्टरभन्दा बढी नेपाली सीमा मिचिसक्यो । लिपुलेक, लिम्पियाधुरा, कालापानीको ३ सय ८७ बर्गकिलोमिटर भूभाग आफ्नो नक्सामा पारिसक्यो । देशको ह्याकुल्ला काटेर विदेशी रमाइरहदा, यी कस्ता जनप्रतिनिधि हुन्, जो जिब्रो तालुमा टाँसेर बसेका छन् ।

यस्ता घातक नेता रनेतृत्व लोकपद्धतिकासराप हुन् कि बरदान ?

राजधानीको सिंहदरवार र गाउँगाउँ पुगेको सिंहदरवार त हनुमान चौतारी बन्यो, जहाँ बाँदरहरू जुम्रा मारेर घाम तापिरहेका छन् । उनीहरूलाई देश भर्सेलै परोस् केही मतलव छैन । भ्रष्टाचारको भाङ खाएर मातिनु भनेको राजनीतिक प्राणीको मृत्यु होइन र ?

यस्तो राजनीति र यस्ता जनप्रतिनिधिहरूलाई विश्वले आधुनिक राज्यको सार्वभौम सिद्धान्त स्वीकार गरेको र एकले अर्काको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने स्थापित मान्यता पढाउने, सम्झाउने कसले ?

यस्ता राष्ट्रघातीहरूलाई देशभक्ति त मर्दैन चुत्थै देश भए पनि...भन्ने कविता सुनाउने को छ खोई विवेकीहरू ?

वर्षौं पालेको बाख्रो बेचेर पठाए पनि मालिक देखेपछि कराउँछ । जनताले साथ दिएका र जनमत पाएका नेताहरू जनताप्रति पुलुक्क पनि हेर्दैनन्, आफ्नै सुख सुविधा, तलव भत्ता र भ्रष्टाचारमा चुर्लुम्मै डबुल्की मारेर पौडी खेलिरहेकाछन् । नयाँ नेपाल बनाउँछु भन्ने नेपाली राजनीतिमा यतिसम्मको बेइमानी पनि देखियो ? जनताप्रति गरेको यो अपराध जनताले कहिले माफी दिनेछैनन् ।

बुद्धको देशमा बुद्धु नेता, राजनीतिलाई व्यवसाय पो बनाइरहेछन् । मुनाफाका लागि देश बेच्ने, जनता बेच्ने अदानन खसोगीजस्ता । सुपारी लिएर मान्छे मार्ने माफिया दाउद इब्राहिमजस्ता । जो माटो भनिरहेका छन्, तिनीहरू प्रतिगामी, जो देश बिक्री गरिरहेछन्, ती अग्रगामी । तिनले चलाएको लोकतन्त्र ?

भाषणमा यति मीठो बोल्छन्, देश बनाउने कालिगड यिनै हुन्जस्तो लाग्छ । जब व्यवहार देखिन्छ, यिनीहरूभन्दा कमसल त विश्वमै कोही छैनन् जस्तो लाग्छ । राजनीतिमा निष्ठा, प्रशासनमा

●●●

**आज नेपाल र नेपाली राजनीतिको स्थिति संकटापन्न छ। अस्तित्व मटियामेट हुने खतरामा छ। नारायणमान बिजुक्छे भन्छन्– जो जुनसुकै बेला जुनसुकै ठाउँमा मारिन सक्छन्। निश्चिन्त भएर निदाउन सक्ने अवस्था छैन।**

●●●

आचारसंहिता र नेतामा नैतिकता नरहेपछि जे हुन्छ, त्यो वर्तमान नेपालको राजनीतिको कुरूप तस्वीर हो ।

'इम्परर न्यूक्लोथ'का बादशाहजस्ता छन् नेताहरू । दिल्लीले चलाउँछ, दिल्लीले सुमसुम्याउँछ र दिल्लीले हकार्छ । नेपालको राजनीतिक भविष्यको १२ बुँदे खाका दिल्लीमै गरिन्छ । नेपाल त्यही दिल्लीको सम्झौताको गाँड बोकेर गाँडलाई लोकतन्त्र भनिरहेको छ । गाँडतन्त्र लोकतन्त्र हुनसक्ने थिएन, त्यसैले देशका भूभाग गुम्दासमेत गाँड बोकेर नेता पल्टेकाहरू बोल्न सक्दैनन् । बोल्न त स्वाभिमान चाहियो । स्वाभिमान बन्दकीमा राखेपछि कसरी बोल्ने ? हाम्रा नेताहरूले कृष्णलालको मकैको खेती कहिले पढे ? रूस्दीको सटानिक भर्सेसभन्दा कम छैन मकैको खेती । कम्तिमा डम्बरशमशेर थापाले श्री ३ पद्मशमशेरलाई लेखेको प्रजातन्त्रको बाढीले राणा शासन बगाउन सक्छ भनेर लेखेको पत्र पढिदिए यिनको बुद्धिबंगारो पलाउन सक्थ्यो । यिनमा साहस र अस्तित्ववोध हुनेथियो ।

माओवादी, कांग्रेस र नेकपाका नेताहरूलाई के भ्रम छ भने हामी नै लोकतन्त्र हौं, हामी नै देश हौं, हामीले जे गरे पनि जनताले मान्नुपर्छ । यिनलाई ज्ञात होस्– पहिलो डन कर्न्योलको नालीमा टाउको जोतेर मरे । बाहुबलीतन्त्रले जनताको मन जित्दैन, झन बढी घृणा फैलाउँछ । चुनाव त हुन्छ, बिकल्प नभएपछि जित्ने यिनै दुई पार्टीले हो । चुनाव जित्दैमा लोकतन्त्र आउने होइन, चुनाव जित्नेहरू नरसंहारकर्ता बनेका दर्जनौं तथ्याङ्क छन् ।

शासन गर्ने अधिकार पाएकाहरूलाई देशमाथि घात गर्ने र जनतालाई शासना दिने अधिकार हुन्न । देश र जनताका लागि काम गर्ने सपथ खाएर गलत काम गर्नु भनेको राजनीतिलाई अपराधिकरण गर्नु हो । यही भइरहेको छ ।

के हुन्छ नाम नेत्रबहादुर भएर, विवेकी आँखा देख्दैन भने । चुनाव चिन्ह सूर्य भए पनि कालरात्रिको अन्धकार पो छ गाँठे । न हिमाल हाँसेको देख्न पाइयो, न पहाडमा गुराँस फुलेझैं सामाजिक जीवन फुल्यो, न त तराईमा सहलेश फत्रेजस्तो रमाइलो नै छ । सिंगो मुलुक शोकमा देखिन्छ, लोकतान्तिक शोकमा । संविधान छ, संविधानले संवैधानिक शासनको प्रत्याभूति गर्दैन भने, देश र जनता जोखिममा पर्छन । परेका छन् । व्यवस्था होइन, व्यवस्था हाँक्ने नेतृत्व जिम्मेवार र जवाफदेही हुनुपर्ने रहेछ । सबै गैरजिम्मेवारको झुण्ड राजनीतिमा छ ।

राजतन्त्रलाई किनारा लगाउने शक्ति यिनै हुन् । यिनीहरू नवराजा, बास्सा बनेकाले यिनलाई डम्बर शमशेरले श्री ३ राणा शासनको अन्त्यका लागि डमरु बजाएझैं जनताले डमरु बजाउन थालिसकेका छन् । चेतना छ भने यिनले आफूलाई सुधारून् । अन्यथा श्रीलंकामा जे देखियो, त्यो घटना नेपालमा पनि दोहोरिन सक्छ ।



पढथ्यौ हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौ ।

**- अभियानवाणी**

**अभियान**
साप्ताहिक

## सम्पादकीय

# विश्वासको संकटमा राजनीतिक दलहरू

*लोकतान्त्रिक व्यवस्थामा राज्यशक्तिको अभ्यास गर्ने मुख्य संगठित शक्ति भनेका राजनीतिक दलहरू नै हुन् । यस्ता राजनीतिक दलहरू निश्चित राजनीतिक सिद्धान्त, विचारधारा, दृष्टिकोणबाट निर्देशित हुन्छन् । तिनै सैद्धान्तिक, बैचारिक जगमा टेकेर जनतालाई आ आफ्ना पार्टीमा संगठित गराउँछन् । जनताको शक्तिबाट आएका दलहरूले राजनीतिक व्यवस्थाको निर्माण गर्दछन् भने विश्वव्यापी मान्यता रहेको छ । तर हामीकहाँ भने यो विश्वव्यापी सिद्धान्तलाई तिलाञ्जली दिएर पार्टीगत स्वार्थ र सत्ता स्वार्थलाई हेरेर राजनीतिक दलहरूले आ आफ्नो पार्टीको सिद्धान्त, विचारलाई भुलेर आफ्नो स्वार्थ पूरा गरिरहेका छन । संघर्षबाट व्यवस्था परिवर्तन गर्ने र राजनीतिक शक्ति धरासायी र कमजोर हुने लोकप्रियतावादी, शक्तिहरू बलियो हुँदै जाने र राजनीतिक दुखान्तले फेरी पनि आमूल परिवर्तनलाई रोक्न सक्ने सम्भावना बढ्दै गएको छ ।*

*गतहप्ता संसदमा नेपाली कांग्रेस र रास्वपाबीचमा जुहारी चल्यो । त्यसरी जुहारी खेल्नेहरू मुलुकको राजनीतिमा आशा लाग्दा व्यक्तिहरू थिए । कांग्रेसका महामनत्री विश्वप्रकाश शर्मा र रास्वपाका सांसद स्वर्णिम वाग्ले । महामन्त्री शर्माले गृहमन्त्री रहेका रास्वपाका सभापति रवि लामिछानेमाथि संसदीय छानविन समिति नबनाएसम्म अर्को बैठक देखि संसदको बैठक चल्न नदिने अभिव्यक्ति दिएका थिए । उनले गल्ती गरेको छैन भने लामिछाने संसदीय समिति बनाउन किन डराएका भन्ने प्रश्न गरेका थिए । उनले छानविन समिति नबनाएसम्म संसद चल्न नदिने अभिव्यक्ति दिएपछि रास्वपाका सांसद वाग्लेले शर्मालाई गतिलो जवाफ दिएका थिए । वाग्लेको जवाफ थियो आरोप लाग्ने वित्तिकै सबै मन्त्री र सांसदलाई छानविन गर्न अनिवार्य गर्ने हो भने त्यो कुरा सर्वदलीय बैठकबाट पारित गराऔं हामी सबै भन्दा पहिला हस्ताक्षर गर्न तयार छौं भनेर । के कांग्रेस यसो गर्न तयार छ भनेर उनले कांग्रेससँग उत्तर समेत मागेका थिए ।*

*सत्तामा रहँदा कांग्रेसले आफ्ना मन्त्रीहरू झण्डा हल्लाएरै अख्यिारमा बयान दिन जाँदा कांग्रेसले आफ्नो पार्टीबाट मन्त्री रहेका व्यक्तिलाई फिर्ता बोलाएन तर अहिले आरोप लाग्ने वित्तिकै गृहमन्त्रीको राजिनामा, संसदीय छानविन समिति बनाउनुपर्ने कांग्रेसको माग कति जाजय होला ? अहिलेको गम्भीर प्रश्न भनेको यहि हो । वाग्लेले प्रस्तुत गरेको प्रस्तावलाई पारित गरेर कार्यान्व्यिन गराए प्राय प्रत्येक दिन मन्त्री र सांसदले राजिनामा दिनु पर्ने र प्रत्येक दिन संसदीय समिति बनाउनुपर्ने हुन्छ । पूर्व स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहन बस्नेतलाई बयान दिन बोलाउँदा उनले अटेर गरे । अख्तियारले बयान दिन नआए आफूले कडा कदम चाल्ने भनेपछि मात्र बयान दिन पुगे । त्यसबेला एमालेले उनको राजिनामा माग्यो नत उनले राजिनामा दिए नत उनको पार्टीले नै उनलाई फिर्ता बोलायो । कांग्रेसकै अर्का नेता पूर्व गृहमन्त्री बालकृष्ण खाँण नक्कली भुटानी शरणार्थी प्रकरणमा पक्राउ परे । उनलाई कांग्रेसले निलम्बन गरेन । कांग्रेसका सभापति शेरबहादुर देउवाले आरोप लाग्ने वित्तिकै त्यसको प्रमाणित नहुने र आरोप प्रमाणित भएपछिमात्र मात्र कारबाही गर्ने अभिव्यक्ति दिएका थिए तर अहिले तिनै सभापति देउवाको पार्टी लामिछानेको राजिनामा मागिरहेको छ । मुद्दा चल्दैमा दोषी ठहर नहुने बताउने सभापति देउवा अहिले ठीक त्यही प्रवृत्तिको मुद्दामा राजिनामा दिनुपर्ने भन्दै संसद नै अवरोध गर्ने गरिरहेका छन् । यसरी पार्टीगत स्वार्थ र व्यक्तिगत स्वार्थलाई हेरेर संसदलाई अनिर्णयको बन्दी बनाउने कार्यले गर्दा जनता भने आक्रान्त भएका छन् । जनताका समस्याको समाधान गर्ने थलो संसद नै हो ।*

*विभिन्न समयमा विभिन्न दलहरूले संसद अवरोध गर्दै आएका भएपनि त्यस्ता दलहरूले जनतासामू माफी मागेका छैनन् । संसद अवरोध गर्ने तर तलब भत्ता लगायतका सबै सुविधाहरूलिनु कत्तिको जायज हो ? 'नो वर्क नो पे' भन्ने सिद्धान्त सांसदहरूलाई किन लागु नहुने ? जनताले उनीहरूलाई जनताको हितमा काम गर्न पठाएका हुन् । सांसदहरू जनताका प्रतिनिधि पात्र हुन् । तिनै पात्रहरूले पार्टीगत स्वार्थलाई हेरेर जनताका समस्याहरू समाधान गर्न सक्दैनन् भने त्यस्ता सांसदहरूलाई पदमा बसिरहने अधिकार हुँदैन ।*

*कांग्रेस आफू सत्तामा बसिरहँदा जस्तासुकै हथकण्डा अपनाउन तयार हुने तर सत्ता बाहिर पुगेपछि पानी बेगरको माछाजस्तो भएर छटपटाउने रोगले ग्रस्त भएको देखिन्छ । उसलाई जुनसुकै सर्तमा सत्ता चाहिएको छ । त्यही कारणले गर्दा कांग्रेसले आफ्नो नीति, विचार र सिद्धान्तलाई सत्ता स्वार्थका लागि तिलाञ्जली दिनु भनेको कुनै सर्तमा पनि कांग्रेसको लागि हितकर हुन सक्दैन । कांग्रेसको सिद्धान्त, कम्युनिष्टहरूसँग मिल्दैन तर कांग्रेस कम्युनिष्टहरूको फेर समाएरै भएपनि सत्तामा पुग्ने रणनीति लिँदै आएकाले गर्दा जनतामा कांग्रेसप्रति वितृष्णा बढ्दै गएको हामीले ठहर गरेका छौं ।*

# युवाशक्ति परिचालनको अवसर

**जगदिश ऐर**

अवसरको खोजीमा मानिसले संसारभर नै नयाँनयाँ गन्तव्य खोजिरहेको हुन्छ । तर, नेपालबाट युवा विदेशिने प्रवृत्ति अरू मुलुकको भन्दा फरक छ । पछिल्लो समय किशोर पुस्ता (१८–२६ वर्ष) विदेशिन बढी लालयित देखिन्छ । धेरैजसो पढ्नका लागि गइरहेका छन् । उनीहरूको रोजाइ अमेरिका, अस्ट्रेलिया, जापानजस्ता विकसित मुलुक पर्छन् ।

युरोप जानेहरू पनि प्रशस्तै छन् । राम्रै नाम र दाम कमाएका डाक्टर, नर्स, इन्जिनियर तथा आईटी क्षेत्रमा कार्यरतहरू धमाधम स्थायी बसोबास भिसा लिएर नयाँ भविष्यको खोजीमा बाहिरिन थालेका छन् । त्यसलाई बौद्धिक क्षेत्रमा देखिएको पलायन भन्न सकिन्छ । अध्यागमन विभागका अनुसार सन् २०२३ मा ७० हजार ९ सय १५ जना स्थायी अनुमतिपत्र लिई विभिन्न देशका लागि बाहिरिएका थिए ।

हामीकहाँ यस्तो भाष्य बन्यो कि छोराछोरी के गर्छन् भन्दा पनि कुन देश गएका छन् भन्ने विषयले प्राथमिकता पाउन थालेको छ । तर विदेशमा उनीहरू के गर्छन्, त्यो सोधिन्न । ठ्याक्कै कति युवा विदेशिए भन्ने यकिन तथ्यांक छैन । गैरकानुनी रूपमा रुसी सेनामा भर्ती भएर युक्रेनसँगको युद्धमा ३२ जनाभन्दा बढी नेपालीको मृत्यु भइसकेको छ । त्यहाँ कति नेपाली गैरकानुनी रूपमा सेनामा छन् भन्ने तथ्यांक नेपाल सरकारसँग छैन ।

दैनिक १५ देखि २५ सय युवा कुनै न कुनै रूपमा बाहिरिइरहेका छन् । वार्षिक ५ लाखभन्दा बढी युवा कामको खोजीमा विदेशिएको अन्तर्राष्ट्रिय श्रम संगठनको अध्ययनले देखाएको छ । औपचारिक शिक्षा लिएकामध्ये सीपमूलक शिक्षा प्राप्त ५ प्रतिशतले मात्र स्वदेशमा रोजगारी पाएका छन् । वैदेशिक रोजगारमा एक प्रतिशत मात्र दक्ष जनशक्ति गएको देखिन्छ । अर्धदक्ष २५ र अदक्ष ७४ प्रतिशत छन् ।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा युवा (राष्ट्रिय नीतिअनुसार १६–४०( वर्ष) जनसंख्या ४२.५६ प्रतिशत (१,२४,१२,१७३) छ । २०६८ सालको जनगणनामा युवा ४०.३५ प्रतिशत (१,०६,८९,८४२) थिए । पछिल्ला दुई जनसंख्याको तुलना गर्दा २.२१ प्रतिशतले नेपालमा युवाको संख्या बढेको देखिन्छ । नेपालको इतिहासमा अहिलेजतिको युवा जनसंख्या न कहिल्यै थियो, न अबको कैयौं दशकसम्म हुनेछ । किनकि पछिल्लो समय नेपालमा जन्मदर घट्दै गइरहेको छ । जनसांख्यिक हिसाबले यो युवाको संख्या अबको डेढ दशक मात्र रहनेछ । युवाको संख्या पहिलेको भन्दा बढेको मात्र छैन, काम गर्न सक्रिय क्षमताका पनि छन् । नीति/निर्माण र नेतृत्वमा युवाको सहभागिता बढ्दो छ । प्राकृतिक महामारी २०७२ सालको भूकम्प र कोभिड–१९ संक्रमणका दौरान पनि उनीहरूले उल्लेखनीय कार्य गरेका थिए । भूकम्पका बेला उद्धार, राहत तथ पुनर्निर्माण र कोभिड–१९ का बेला 'इनफ इन इनफ' जस्ता आवाज सडक र सामाजिक सञ्जालमार्फत उठाएर सरकारलाई सक्रिय बनाउन भूमिका खेले । कोभिड–१९ का बेला थला परेको अर्थतन्त्रलाई चलायमान राख्न विदेशबाट युवाले पठाएको रेमिट्यान्स नै मुख्य आधार रह्यो ।

नेपालमा औसत वार्षिक आठ खर्ब रूपैयाँभन्दा बढी रेमिट्यान्स भित्रिरहेको हुन्छ । आर्थिक वर्ष २०७५/७६ मा जब नेपाल कोरोना महामारीका कारण पूर्ण रूपमा संकटमा परेको थियो, त्यसबेला युवाले ८ खर्ब ७९ अर्ब रेमिट्यान्स पठाए । नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार २०८०/८१ को पहिलो ६ महिनामा ७ खर्ब ३३ अर्ब रेमिट्यान्स भित्रिएको छ ।

राजनीतिक प्रतिनिधित्व राजनीतिको माथिल्लो तहमा युवाको प्रभाव कम देखिए पनि पछिल्लो समय संसद् भित्र र बाहिर महत्त्वपूर्ण भूमिका निर्वाह गर्न थालेका छन् । २ सय ७५ सदस्यीय संघीय संसद् को प्रतिनिधिसभामा ४० वर्षमुनिका २८ जना युवा सांसद छन्, जसमा ३० वर्षमुनिका ८ जना छन् । संख्यामा थोरै देखिए पनि यी युवा संसद् र संसदीय समितिमा आफ्नो उपस्थिति बलियो बनाउन लागिपरेका छन् ।

प्रदेश तहमा २१ प्रतिशत ४० वर्षभन्दा कमका युवा निर्वाचित भएका छन् । जनताको सबैभन्दा नजिकको सिंहदरबार भनेर चिनिने स्थानीय सरकारमा युवाको सहभागिता उत्साहजनक देखिन्छ । २०७४ सालको स्थानीय निर्वाचनमा भन्दा २०७९ को निर्वाचनमा विजयी हुनेको संख्या वृद्धि भएको छ । निर्वाचन आयोगका अनुसार गत स्थानीय निर्वाचनमा करिब ७०.९६ मत खसेको थियो भने कुल खसेको मतमध्ये २.४ प्रतिशत मत बदर भएको थियो ।

कुल ३५ हजार ९७ पदका लागि ५९ हजार ८ सय १४ युवाले स्थानीय निर्वाचनमा उम्मेदवारी दिएका थिए । तीमध्ये १४ हजार ४ सय ४२ (४१.१४ प्रतिशत) उम्मेदवार २१–४० वर्षसम्मका निर्वाचित भएको देखिन्छ । निर्वाचितमध्ये नगरप्रमुखमा ३७, गाउँपालिका अध्यक्षमा १ सय ६ गरी करिब १९ प्रतिशत युवाले स्थानीय तह हाँकिरहेका छन् । नगरपालिका उपप्रमुख पदमा ९५ र गाउँपालिका उपाध्यक्षमा २ सय ३८ युवा निर्वाचित भएका छन् । यसरी उपप्रमुखमा ४३.६९ प्रतिशत युवा छन् । यसले स्थानीय तहदेखि प्रदेश हुँदै संघीय तहमा पनि युवाको सहभागिता बढ्न थालेको देखाउँछ ।

### युवालक्षित कार्यक्रमको अभाव

संविधानको मार्गनिर्देशक सिद्धान्त, नीति र राज्यको दायित्व पनि राष्ट्र विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण सिर्जना गर्नेछ । युवा सशक्तीकरण, अर्थपूर्ण सहभागिता, नेतृत्व विकास, शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै राज्यको सर्वांगीण विकास योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने योजना छ । यी सिद्धान्तका आधारमा राष्ट्रिय युवा नीति–२०७२ र युथ भिजन–सन् २०२५ जारी भएका छन् । यी दुई महत्त्वपूर्ण दस्ताबेजको कार्यान्वयनका लागि राष्ट्रिय युवा परिषद् ऐन–२०७२ जारी गरी राष्ट्रिय युवा परिषद् स्थापना भइसकेको छ । राज्य पुनःसंरचनासँगै युवा नीतिलाई समयानुकूल बनाउन नीतिहरू पुनरावलोकन हुन थालेका छन् । राष्ट्रिय युवा नीति–२०७२ परिमार्जन मस्यौदामाथि सातैवटै प्रदेशमा सरोकारवालासँग छलफल भइरहेको छ ।

नेपाल युवा संस्था सञ्जाल (आयोन) ले युनाइटेड नेसन्स फन्ड फर पपुलेसन एक्टिभिटिज (यूएनएफपीए) सँग मिलेर सन् २०२१ मा तीनै तहका सरकारले युवा क्षेत्रमा गरेको बजेट विनियोजनबारे अध्ययन गरेको थियो । युवाको विकास र परिचालनका लागि स्थापना भएका मन्त्रालयमा मात्र नभई अन्य मन्त्रालयबाट विनियोजित बजेट सम्बन्धित काम र क्षेत्रमा पुग्न सकेका छैनन् । युवालक्षित कार्यक्रम र कार्यान्वयनमा तीन तहको सरकारको तालमेल र संयोजनमा अभाव देखिन्छ । अहिले युवा तथा खेलकुद मन्त्रालयको बजेट कुल बजेटको एक प्रतिशतमात्र छ । त्यो पनि खेलकुद र युवामा बाँड्नुपर्ने बाध्यता छ । मन्त्रालय अन्तर्गतको युवा परिषद्लाई थप बलियो र प्रभावकारी बनाउन सरकारी पक्षबाट अपेक्षाकृत पहल भएको छैन ।

संविधानको धारा ३३ को उपधारा १ मा प्रत्येक नागरिकलाई रोजगारीको हक र उपधारा २ मा नागरिकलाई रोजगारी छनोट गर्न पाउने हक छ । त्यसको कार्यान्वयनका लागि रोजगारीको हकसम्बन्धी ऐन–२०७५ ल्याइएको हो । कार्यक्रमको लक्षित समूह १८ देखि ५९ वर्ष उमेर समूहका बेरोजगार व्यक्ति तथा निजका परिवार हुन् । तर, उक्त प्रावधानलाई सम्बोधन गर्न प्रस्ट रूपमा बजेट व्यवस्था गरेको देखिँदैन । केन्द्रीय सरकारले युवालाई केही प्राथमिकतामा राख्न खोजे पनि प्रदेशहरूको अहिलेसम्म ध्यान जान सकेको छैन । हालसम्म कर्णाली प्रदेशमा युवा तथा खेलकुद, वाग्मतीमा युवा परिषद् तथा खेलकुद, लुम्बिनी र सुदूरपश्चिममा युवा परिषद् गठन भएका छन् । गण्डकी प्रदेशमा बाहेक युवा तथा खेलकुद मन्त्रालय नै गठन भएको छैन ।

केन्द्रीय स्तरमा युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद् तथा प्रदेशमा प्रदेश युवा परिषद् गठन भएका छन् । जिल्लामा जिल्ला युवा परिषद् छन् भने स्थानीय तहमा पनि नगर युवा परिषद् गठन गर्ने अधिकार स्थानीय तहलाई छ । तर यी निकाय प्रभावकारी बन्न सकेका छैनन् । युवा नीतिलाई संघीय ढाँचामा रूपान्तरण गर्न र छरपस्ट रूपमा विभिन्न मन्त्रालय र निकायमा रहेका कार्यक्रमलाई एकीकृत रूपमा लैजान आवश्यक छ । युवा क्षेत्रमा काम गर्ने सरकारी निकायको केन्द्रमा अन्तरमन्त्रालय समिति र जिल्लामा युवा सम्पर्क केन्द्र विकास गर्न जरूरी देखिन्छ । जसले गर्दा युवासम्बन्धी कार्यक्रमको दोहोरोपनको अन्त्य हुनुका साथै युवालक्षित कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुन मद्दत पुग्छ । युवा क्षेत्रमा काम गर्ने विकास साझेदार, संघसंस्था, विदेशी नियोगसँगको समन्वय बढाउने र युवालक्षित कार्यक्रमलाई बढावा दिनुपर्छ ।

वैदेशिक रोजगारबाट सीप र पुँजी लिएर आएका युवालाई पुनःस्थापना गर्ने कार्यक्रमको अभाव छ । उनीहरूमाथि न नीति क्षेत्रले लगानी गरेको छ, न त राज्यले नै उचित रूपमा प्रयोग गर्न सकेको छ । केन्द्रीय तथ्यांक विभाग, अन्तर्राष्ट्रिय श्रम संगठनको तथ्यांक हेर्दा युवा सूचकांकमा नेपाल दक्षिण एसियामा निकै कमजोर छ । बढ्दो बेरोजगारीसँगै दुर्व्यसन, बिग्रँदो स्वास्थ्य, असुरक्षित खाद्य समस्या, सामाजिक सञ्जालको गलत प्रयोग, साइबर अपराधमा संलग्न, राजनीतिक अस्थिरताले युवालाई गाँजेको छ ।

निष्कर्ष राष्ट्रिय तथा स्थानीय तहमा कार्यरत संघसंस्थालाई युवा अभियान, युवालक्षित कार्यक्रमका लागि सरकारी र गैरसरकारी सबै संस्थाहरूलाई परिचालन गर्न आवश्यक छ । समाजकल्याण परिषद् को तथ्यांकअनुसार २ सय ४० भन्दा बढी अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र ४० हजारभन्दा बढी गैरसरकारी संस्थाहरू छन् । उनीहरूलाई युवा क्षेत्रमा लगानी, सीप सिकाउने र परिचालन गर्ने सम्बन्धमा पहल गर्नुपर्छ । त्यसमा मुख्य गरी युवालाई उत्पादन क्षेत्र र प्राविधिक क्षेत्रमा बढी जोड्न आवश्यक हुन्छ । सन् २०३० सम्म दिगो विकास लक्ष्यहरू (एसडीजी) हासिल गर्न पनि युवाहरूको सामूहिक प्रतिबद्धता, एकता, सहकार्य र योगदानबाट मात्र सम्भव छ । सरकारलाई युवा रोजगारी सिर्जना गर्न दबाब दिँदै युवालाई स्वदेशमै स्वरोजगार तथा उद्यमशीलतालाई अभिवृद्धि गर्न जरूरी छ ।

मन्त्रालयको नेतृत्वमा युवासम्बन्धी कार्यक्रमहरू एकीकृत गरेर कार्यान्वयन गरेर ल्याउन उपयुक्त हुन्छ । राष्ट्रिय युवा नीतिले १६ देखि ४० वर्ष उमेर समूहलाई युवा भनेर परिभाषित गरेपछि सरकारले कार्यक्रमहरू ल्याउँदा त्यसलाई केन्द्रमा राखेर कार्यक्रम ल्याउन उपयुक्त हुन्छ । संघीय सरकारले प्रदेश सरकारहरूसँग पनि समन्वय गरे युवा विकास तथा परिचालनको क्षेत्रमा थप टेवा पुग्ने देखिन्छ ।

युवामा लगानी गर्ने देशहरूले नै आज विश्वलाई नेतृत्व गरिरहेका छन् । युवालाई सबल, सक्षम बनाई देश विकासमा लगाउन सकेमात्र हाम्रो देशको मुहार फेर्न सकिन्छ । र, हामीले परिकल्पना गरे जस्तो राष्ट्र निर्माण गर्न सकिन्छ । *(कान्तिपुर)*

# नयाँ गठबन्धनले जन्माएको सम्भावना

भुवन न्यौपाने

नेपाली राजनीतिमा पछिल्लो समय केही नाटकीय परिदृश्य देखिएका छन् । कांग्रेससँग सत्ता सहकार्य गरेर निर्वाचनमा होमिएका प्रचण्ड अन्त्यमा कांग्रेसलाई पाखा लगाउँदै एमालेसँगको सत्ता साझेदारीमा पुगे । तर, एक महिनाको अन्तरालमै मन्त्रिपरिषद् पुनर्गठन गरी एमालेलाई पाखा लगाउँदै फेरि कांग्रेससँग सत्ता सहकार्यमा जुटे । त्यसको एक वर्षपछि कांग्रेससँगको सहकार्य तोडेर पुनः एमालेसँगको गठबन्धनबाट सरकारको नेतृत्वमा छन् । प्रधानमन्त्री प्रचण्डले १४ महिनामा तेस्रोपटक गठबन्धन फेरेका छन् भने १४औँ पटक मन्त्रिपरिषद् पुनर्गठन गरेका छन् । प्रधानमन्त्री प्रचण्डले संसद्मा तेस्रोपटक विश्वासको मत लिँदा सातै प्रदेश सरकार नयाँ सत्ता संघर्षको मोडमा छन् । संसद्मा ३२ सिटसहितको तेस्रो ठूलो दल माओवादीको नेतृत्वमा सत्ता बदलिइरहेको छ भने कांग्रेस–एमाले पालैपालो सत्ता सहयात्रामा छन् । के कांग्रेस र एमालेले मिलेर आफ्नै नेतृत्वमा सरकार गठन गर्न सक्दैनन् ? भन्ने प्रश्नमाथि यतिखेर बहस चलिरहेको छ ।

### कांग्रेस–एमाले सहकार्यको सम्भावना

सत्ता समीकरण बदलिएपछि संसद्मा प्रधानमन्त्रीले पाँचवटा कारणसहित गठबन्धन परिवर्तन गर्नुपरेको बताए । त्यसको जवाफमा कांग्रेसका तर्फबाट प्रमुख सचेतक रमेश लेखकले शालीन शब्दमा ती कारणको प्रतिवाद गरे । अन्त्यमा कांग्रेस र एमालेबीच सहकार्य भए के गर्नुहुन्छ भन्ने आशयको प्रश्न प्रधानमन्त्री प्रचण्डसामु राखे । एमाले अध्यक्ष ओलीले पनि संसद्बाटै यस विषयमा कुरा गर्न कांग्रेसलाई आह्वान गरे । त्यसो भए कांग्रेस र एमालेबीच गठबन्धन बन्न सम्भव छ त ? यो जिज्ञासा अहिले सर्वत्र व्याप्त छ । के कांग्रेस र एमाले संवादमा छन् ? संसद्का पहिलो र दोस्रो ठूला पार्टीबीच सत्ता सहकार्यको सम्भावना छ त ? राजनीतिक इतिहासलाई हेर्ने हो भने त्यस्तो परिवेश निकै कम पाइन्छ ।

राज्यले निर्वाह गर्ने भूमिकामा मुख्य पार्टीहरू कार्यगत एकता गरेर शासकीय राजकाजलाई अगाडि बढाएका उदाहरण छन् । तर, अहिलेको सन्दर्भमा नेपालमा यी मुख्य दुई दलबीच गठबन्धनसहितको सत्ता सहकार्य सम्भव देखिइसकेको छैन । यद्यपि, राजनीतिमा असम्भव भन्ने केही हुँदैन भन्ने गरिन्छ । नेताहरूले एक–अर्काबीच संवादको आह्वान गरे पनि नेपालमा कांग्रेस र एमाले ठूला पार्टी भएको र भावी दिनमा पनि यिनै पार्टीबीच प्रतिस्पर्धा हुने धरातल भएका कारण पनि सरकारमा सँगै भएर काम गर्न सजिलो पक्कै छैन । अर्कातर्फ, संसदीय व्यवस्थामा प्रतिपक्षमा पनि बलियो दलको खाँचो पर्छ । सरकारलाई जवाफदेहिता, कार्यसम्पादन र क्रियाशीलतामा सशक्त रूपमा प्रस्तुत हुन पनि बलियो संसदीय प्रतिपक्षी जनमत चाहिन्छ ।

यसर्थ पनि सरकारमा ठूला पार्टीबीचको सहकार्य सम्भव देखिन्न । यस्तो अवस्थामा पछिल्लो नयाँ राजनीतिक परिवर्तन या नयाँ गठबन्धनले एउटा नयाँ परिवेशको अवसर सिर्जना गर्न सक्ला त ? मुख्यतः नेपालमा पछिल्लो लामो समयसम्म एउटै पार्टीको बहुमतको सरकार प्रभावकारी रूपमा सञ्चालन हुन सकेको छैन । विगतदेखि नै पूर्ण पाँचवर्षे कार्यकालको सरकार अभ्यासमा छैन । अहिले संसद्मा एउटै पार्टीको बहुमत छैन । अन्तर पार्टीको सहकार्यमा सौदाबाजी हुँदा सत्ता गठबन्धनको लेनदेन दिगो र विश्वसनीय हुन सकिरहेको छैन । साना दलले पनि खोचे थापेर महत्वपूर्ण पदमा आफ्नो अडान नछाडेका दृष्टान्त धेरै छन् । यस्तो अवस्थामा थोरै–थोरै सिट भएका दलभन्दा धेरै सिट भएका दलको नेतृत्वमा सरकार गठन भएमा राजनीतिक संस्कार, नीति र प्रणाली कार्यान्वयन हुन्थ्यो कि भन्ने आशा राख्नेहरू पनि धेरै छन् ।

### दुई दलीय व्यवस्थाको सम्भावना

दुई दलीय प्रणालीमा दुई प्रमुख दलहरूले राजनीतिक परिदृश्यमा निरन्तर अभ्यास, प्रतिस्पर्धा र प्रभुत्व राख्छन् । दुई दलीय राजनीतिक प्रणाली भएका मुलुकको राजनीतिक स्थायित्व अन्यका तुलनामा व्यवस्थित देखिन्छ । लोकतान्त्रिक मुलुकमा मुख्यगरी संसदीय र राष्ट्रपतीय शासन व्यवस्था हुने गरेका छन् । शासन व्यवस्था र निर्वाचन प्रणाली आआफ्नो अनुकूलताअनुरूप फरक–फरक छन् । कार्यकारी राष्ट्रपतीय प्रणाली भएको अमेरिकाको सरकार स्थिर देखिन्छ । मुख्यगरी अमेरिकामा दुई मात्र दलको वर्चस्व छ । त्यहाँ डेमोक्र्याटिक र रिपब्लिकन पार्टी बलिया छन् । बेलायतमा कन्जर्भेटिभ र लेबर पार्टी छन् । क्यानडामा कन्जर्भेटिभ र लिबरल पार्टी छन् । यी मुलुकमा यी दलले समसामयिक नीति र परिकल्पनाका आधारमा जनताद्वारा पालैपालो निर्वाचित भएर शासन गरिरहेका छन् ।

के नेपाली राजनीतिका मुख्य 'लेफ्ट' र 'राइट' धारबीच निर्वाचनमा प्रतिस्पर्धा हुने अवस्था सिर्जना भयो भने राजनीतिक सुधार हुन्छ ? त्यसो भए पछिल्लो राजनीतिक परिवर्तनपछि नेपालमा छरिएर रहेका कम्युनिस्ट पार्टीबीच एकता सम्भव छ त ? के कांग्रेसको चाहना कम्युनिस्ट एकता हो ? नेपालमा केवल दुई पार्टी लोकतान्त्रिक धार र वामपन्थी धारका राजनीतिक दल अस्तित्वमा रहनु सम्भव छ त ? यी प्रश्नमा मानिसहरूले बहस गरिरहेका छन् । कुनै दिन नेपालको राजनीति पनि अमेरिकाको जस्तै प्रणालीमा लिपिबद्ध हुन्छ । केवल दुई पार्टीले मात्र निर्वाचनमा भाग लिन्छन् । सबैभन्दा धेरै सिट जित्नेले सरकार चलाउँछ । अर्को पार्टी संसद्को प्रमुख प्रतिपक्षका रूपमा रहन्छ । स्थिर सरकार, दिगो शासन, चुस्त प्रशासन, सुशासन र समुन्नतिको ध्येयउन्मुख हुनेछ । के अहिले नै यस्तो लक्षण देखिन्छ?

विशेषतः कांग्रेसले महासमितिको निर्णयबाट निर्वाचनअघि कुनै पनि दलसँग गठबन्धन नगर्ने भनी गरेको निर्णयको अन्तर्वस्तुले स्वभावतः लोकतान्त्रिक पद्धतिको नेतृत्व गर्छ । कांग्रेस आफ्नै पहिचान, पद्धति र परिवेशमा निर्वाचन लड्न तयार हुनु भनेको विगतको अप्राकृतिक गठजोडलाई निरूत्साहन गरी नेपाली राजनीतिमा नयाँ अवसर सिर्जना गर्नु पनि हो । अर्कातर्फ, विगतदेखि नै कम्युनिस्ट एकताको पहल, अभ्यास र सहकार्य गरिरहेका नेपालका कम्युनिस्ट पार्टी एक ठाउँमा उभिएर समान राजनीतिक एजेन्डा बोक्नु सकारात्मक पक्ष हो । यसले जनतासमक्ष स्पष्ट कार्यदिशा, प्रतिस्पर्धा र दृष्टिकोण लैजान निकै महत्वपूर्ण भूमिका निर्वाह गर्छ । सरकार र संसद्मा पनि त्यसको प्रभावकारी र प्रतिफलमुखी परिणाम देखिन सक्छ ।

### राजनीतिक स्थायित्वको मार्ग

नेपालमा व्यवस्था परिवर्तन भए पनि राजनीतिक संक्रमण र अस्थिरता मुख्य समस्याका रूपमा छन् । सरकार र संसद्मा बलियो पार्टीको नीतिगत नेतृत्वको खाँचो छ । राजनीतिक दल स्थायित्वको मार्गमा अगाडि बढ्ने आधार चाहिएको छ । अहिले सरकार र संसद्मा धेरै दलभन्दा पनि बलिया दलको खाँचो छ । एकातर्फ धेरै दल हुँदा सरकार र संसद्मा खिचडी पाकिरहेको छ भने अर्कातर्फ समुन्नतिको एजेन्डामा भन्दा भागबन्डाको एजेन्डामा राजनीति घुमिरहेको छ । नेपाली विशेषतामा आधारित भई कांग्रेसले लोकतान्त्रिक शक्ति र एमालेले वामशक्ति बनाउन पहल गर्ने हो भने यसबाट संघीय लोकतान्त्रिक गणतन्त्र, समावेशी राजनीति र संविधान कार्यान्वयनसँगै देशलाई समुन्नतिको बाटोमा हिँडाउन सहज हुन्छ ।

सामान्यतः नेपालको राजनीतिमा कसैको बहुमत नभएको यथार्थ हो । अहिलेकै निर्वाचन प्रणालीमा बहुमतको सरकार बनाउन पार्टीहरू पुस्तान्तरण र रूपान्तरणसँगै समयानुकूल प्रभावशाली हुनुपर्छ । यही निर्वाचन प्रणालीमा एउटै पार्टीले बहुमत ल्याउने सम्भावना कमै छ । एकातिर पार्टीहरू बलियो बन्ने प्रक्रियामा छैनन् भने अर्कातर्फ नयाँको चुनौतीलाई आत्मसात् पनि गरिरहेका छैनन् । सरकार स्थायी नहुँदा मुलुकले पूर्ण पाँचवर्षे योजना, नीतिगत सुधार र समुन्नतिको बाटो समात्न सकिरहेको छैन । अब सरकारको पूर्ण पाँचवर्षे कार्यकालका लागि दुईवटा सुधारको खाँचो छ– एउटा निर्वाचन प्रणाली परिवर्तन र अर्को राजनीतिक दलसम्बन्धी कानुनमा परिवर्तन ।

> आमजनता यतिवेला देश र जनताप्रति समर्पित भएको लोकतान्त्रिक नेतृत्वको खोजीमा छन् । जसको नेतृत्व कांग्रेसले गर्न सक्छ । कांग्रेसले अहिले सत्ता गयो भन्ने चिन्ता गरी नयाँ सत्ता सहकार्यका लागि कसरत गर्नुभन्दा पनि ०८४ सम्म प्रतिपक्षमा बसेर पार्टी बलियो बनाउने अवसरको सदुपयोग गर्न सक्नुपर्छ ।

पहिलो, राजनीतिक दलसम्बन्धी व्यवस्थामा परिवर्तन । अहिले बलियो राजनीतिक दलको आमअपेक्षा छ । त्यसो भए बलियो राजनीतिक शक्ति निर्माण गर्ने आधार के हो त ? अहिले जनमतका आधारमा कांग्रेस र एमाले दुवै बलियो अवस्थामा छैनन् । लोकप्रिय मत हेर्ने हो भने सबैभन्दा धेरै मत भनेको करिब ३५ प्रतिशत मात्र हो । जब कि संसदीय राजनीतिमा दलहरूले ४० प्रतिशतभन्दा माथि 'पपुलर भोट' ल्याउनुपर्छ । यथार्थमा कांग्रेस र एमाले दुवै जनमतका हिसाबले अल्पमतका पार्टी हुन् । यसमा सुधारका उपायका लागि राष्ट्रिय पार्टी बन्न चाहिने 'थ्रेसहोल्ड' तीन प्रतिशतबाट पाँच प्रतिशतमा पुर्‍याउनुपर्छ । यसबाट संसद्मा बलिया पार्टी मात्र राष्ट्रिय पार्टी हुन्छन् र ठूला पार्टीको जनमत पनि बढ्छ ।

दोस्रो, नेपालको वर्तमान निर्वाचन प्रणालीको समीक्षा र परिमार्जन आवश्यक छ । अन्यथा गठबन्धनविना एकल सरकार गठन हुनै सक्दैन । गम्भीरतापूर्वक समानुपातिक निर्वाचन प्रणालीको समीक्षा गर्नुपर्छ । हाल समानुपातिकको ११० बाट ६० र प्रत्यक्ष १६५ बाट ११० आसपासमा पुनर्संरचना गर्नु राजनीतिक दल र मुलुकका लागि उपयुक्त मार्ग हुन सक्छ । यसो हुँदा कांग्रेस, एमाले वा यस्तै जनाधार भएका पार्टीले एक्लाएक्लै चुनाव लड्दा पनि बहुमत वा बहुमतको आसपास ल्याउन सक्छन् । अर्कातर्फ, राजनीतिक दल व्यापक सुधारसहित जनउत्तरदायी हुने हो भने जनविश्वास जित्न सक्दा अहिलेकै व्यवस्थामा पनि २७५ सदस्यीय प्रतिनिधिसभामा प्रत्यक्षतर्फ १०० स्थान र समानुपातिकतर्फ ३८ स्थान जित्न पनि सक्छन् । केही बहसमा उठिरहेको प्रत्यक्ष कार्यकारी निर्वाचन प्रणाली पनि नेपालको सन्दर्भमा अहिले जोखिमपूर्ण नै हुने देखिन्छ ।

आमजनता यतिवेला देश र जनताप्रति समर्पित भएको लोकतान्त्रिक नेतृत्वको खोजीमा छन् । जसको नेतृत्व कांग्रेसले गर्न सक्छ । कांग्रेसले अहिले सत्ता गयो भन्ने चिन्ता गरी नयाँ सत्ता सहकार्यका लागि कसरत गर्नुभन्दा पनि ०८४ सम्म प्रतिपक्षमा बसेर पार्टी बलियो बनाउने अवसरको सदुपयोग गर्न सक्नुपर्छ । अर्कोतर्फ, एमालेको नेतृत्वमा कम्युनिस्ट एकता भएमा दीर्घकालीन रूपमा नेपालको राजनीति सुधार्ने अवसर बन्न सक्छ । ऐतिहासिक घटनाक्रमका आधारमा जनताले पनि दलहरूलाई नेपालको वास्तविक स्वरूपमा देख्न चाहेका छन् । सैद्धान्तिक, वैचारिक, कार्यगत र व्यावहारिक रूपले पनि यो अत्यावश्यक विषय हो । यसर्थ, राजनीतिक स्थायित्वका लागि कम्युनिस्ट पार्टीबीच एकता भइदिएमा कांग्रेसमा पनि बलियो कम्युनिस्ट शक्तिसँग प्रतिस्पर्धा गर्न सक्ने गरी एकताबद्ध भई जनाधार बनाउने नैतिक, कार्यगत र रणनीतिक सोच पलाउने थियो कि ? *(नयाँ पत्रिका)*



# उद्घाटनको १० महिना बित्दा पनि विराटनगरमा चलेन कार्गो रेल

मोरङ । भारतको सीमावर्ती बथनाहा रेलवे स्टेसनदेखि विराटनगरको आइसिपीस्थित रेलवे स्टेसनसम्म आउने गरी १० महिनाअघि उद्घाटन गरिएको कार्गो रेल अझै सञ्चालनमा आउन सकेको छैन । नेपालतर्फको रेलवे स्टेसनले प्रतिटन दुई सय रूपैयाँसम्म बढी शुल्क लिएको भन्दै व्यवसायीले भारतीय रेलवे स्टेसन नै प्रयोग गर्दा अन्तरदेशीय कार्गो रेल सञ्चालनमा आउन नसकेको हो ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले १८ जेठ ०८० मा संयुक्त रूपमा कार्गो रेल उद्घाटन गरेका थिए । तर, नेपालका सरकारी निकायले महँगो शुल्क असुल गर्दा विराटनगरको आइसिपी यार्डसम्म कार्गो रेल सञ्चालन हुन नसकेको एक अध्ययनले देखाएको हो । उद्योग संगठन मोरङले गरेको अध्ययनले भारतीय रेलवे स्टेसनको तुलनामा नेपालको रेलवे स्टेसन प्रयोग गर्दा प्रतिटन ६४ देखि दुई सय रूपैयाँसम्म महँगो पर्ने पाइएको छ । विराटनगरको आइसिपीमा रहेको रेलवे स्टेसनको प्रयोग लागत महँगो भएपछि विराटनगरका उद्योगी-व्यवसायीले जोगबनी र बथनाहा रेलवे स्टेसनबाटै कार्गो ल्याइरहेको अध्ययनले औँल्याएको हो ।

कार्गो रेल उद्घाटनका दिन आरती स्ट्रिप्सले औद्योगिक कच्चा पदार्थ एचआर सिट नेपालतर्फको रेलवे स्टेसनसम्म ल्याएको थियो । त्यसपछि उक्त रेलवे स्टेसनमा कुनै पनि कार्गो रेल आउन नसकेको अध्ययनमा उल्लेख छ । विराटनगरमा मुख्यतः कार्गो रेल ल्याउनेमा फलाममा आधारित उद्योग नै पर्छन् । तर, फलाममा आधारित सबै उद्योगले कार्गो रेलका लागि भारतीय रेलवे स्टेसन नै अपनाइरहेका छन् । पशुपति आइरन, स्वस्तिक रोलिङ मिल्स, हुलास वायर, प्रिमियर स्टिल, प्रिमियर वायर, पायनियर वायरलगायत फलामे उद्योगले आयात गर्ने एचआर सिट, स्पन्ज आइरन र एमएस वायर रडजस्ता औद्योगिक कच्चा पदार्थ ती उद्योगले भारतीय रेलवे स्टेसनबाटै ल्याइरहेका छन् ।

संगठनले नेपाल र भारततर्फका रेलवे स्टेसन प्रयोग गरेर स्पन्ज आइरन, एमएस वायर रड र एचआर सिटको आयात गर्दा कार्गो ह्यान्डलिङ र ढुवानीमा कति खर्च लाग्छ भनेर तुलनात्मक अध्ययन गरेको थियो । अध्ययनले नेपालतर्फबाट मालवस्तु आयात गर्दा भारतीय रेलवे स्टेसनका तुलनामा प्रतिटन ६४ देखि दुई सय रूपैयाँसम्म महँगो पर्ने देखाएको हो ।

'भारतीय रेलवे स्टेसनबाट स्पन्ज आइरन ल्याउँदा कार्गोको लोडिङ-अनलोडिङ चार्ज र २५ किलोमिटरसम्मको ढुवानीदर प्रतिटन ६ सय ६४ रूपैयाँ छ । त्यस्तै, पार्किङ शुल्क ३२ रूपैयाँ तोकिएको छ । यसरी एक टन स्पन्ज आइरन भारतीय रेलवे स्टेसन ल्याएर कारखानासम्म पुर्‍याउँदा ६ सय ९६ रूपैयाँको खर्च छ,' अध्ययन प्रतिवेदनमा उल्लेख छ, 'यही स्पन्ज आइरन विराटनगरको आइसिपीस्थित रेलवे यार्डबाट ल्याउँदा प्रतिटनको लोडिङ-अनलोडिङ चार्ज चार सय र २५ किलोमिटरसम्मको ढुवानीखर्च प्रतिटन तीन सय ६० रूपैयाँ गरी सात सय ६० रूपैयाँ तिर्नुपर्छ ।' यसरी भारतीय रेलवे स्टेसनबाट स्पन्ज आइरन ल्याउँदा प्रतिटन ६ सय ९६ र नेपालतर्फको रेलवे स्टेसन यार्डबाट ल्याउँदा सात सय ६० रूपैयाँको दररेट हुँदा प्रतिटन ६४ को फरक देखिन्छ । भारतीयबाट ल्याउँदा नेपालतर्फका तुलनामा प्रतिटन ६४ रूपैयाँ सस्तो पर्छ । एक ऱ्याकमा कम्तीमा २५ सय टन स्पन्ज आइरन आउँछ । २५ सय टनको हिसाब गर्दा एक लाख ६० हजार रूपैयाँ सस्तो पर्ने देखिन्छ ।

त्यस्तै, जिआई वायर, गेभियन बक्सलगायत सामग्रीको मुख्य कच्चा पदार्थ एमएस वायर रड भारतीय यार्डबाट ल्याउँदा नेपालतर्फको यार्डका तुलनामा प्रतिमेट्रिकटन एक सय ६८ रूपैयाँ सस्तो पर्ने देखिन्छ । एक रेलवे ऱ्याकमा कम्तीमा २६ सय टन एमएस वायर रड आउँछ । भारतीय यार्डबाट ल्याउँदा प्रतिटन एक सय ६८ का हिसाबले एक ऱ्याक एमएस वायर रडमा चार लाख ३६ हजार आठ सय रूपैयाँ सस्तो पर्छ । त्यसैले नेपालतर्फको यार्डबाट आयात हुन नसकेको अध्ययनमा उल्लेख छ ।

फलामे सामग्रीको अर्को कच्चा पदार्थ एचआर सिट एनसिवाईबाट ल्याउँदा त अझ महँगो पर्ने देखिएको अध्ययनले औँल्याएको छ । एचआर सिटबाट सिआर सिट बनाइन्छ । सिआर सिट स्क्वायर पाइप, एंगल, च्यानल आदि उत्पादनको मुख्य कच्चा पदार्थ हो । यही एचआर सिट भारतीय रेलवे यार्डबाट ल्याउँदा प्रतिटनको लोडिङ-अनलोडिङसहित २५ किमिसम्मको ढुवानी चार सय १६ र पार्किङ चार्ज ३२ गरेर चार सय ४८ रूपैयाँको खर्च छ ।

जबकि, नेपालतर्फको यार्डबाट ल्याउँदा लोडिङ-अनलोडिङको चार सय र २५ किमिसम्मको ढुवानीको दुई सय २० गरी प्रतिटन ६ सय २० रूपैयाँ निर्धारण गरिएको छ । यसरी नेपालतर्फको यार्डबाट एचआर सिट ल्याउँदा प्रतिटन एक सय ७२ रूपैयाँ महँगो पर्छ । एक ऱ्याकमा २५ सयदेखि तीन हजार टनसम्म एचआर सिट आउँछ । भारतीय यार्डबाट न्यूनतम २५ सय टन ल्याउँदा नेपालतर्फको यार्डको तुलनामा चार लाख ३० हजार रूपैयाँ सस्तो पर्छ । नेपालतर्फको रेलवे यार्डमा कार्गो रेल ल्याएर मालवस्तुको ह्यान्डलिङ र ढुवानी गर्ने कार्यको शुल्क तथा दररेट नेपाल इन्टरमोडल यातायात विकास कम्पनीले निर्धारण गरेको हो । सरकारले यही समितिलाई आइसिपीको व्यवस्थापकीय पक्षको जिम्मा दिएको छ । इन्टरमोडलले निजी क्षेत्रको ट्रान्स नेपाल फ्रेट सर्भिसेज नामको कम्पनीलाई कार्गो व्यवस्थापनका लागि ठेक्का लगाएको छ ।

आयातमा विराटनगर भन्सारको ११ प्रतिशत हिस्सा छ । चालू आवको आठ महिनामा १० खर्ब ३० अर्बको आयात हुँदा त्यहाँबाट मात्रै एक खर्ब १२ अर्बको आयात भएको देखिन्छ । निर्याततर्फ भने यस भन्सारको हिस्सा १९.४६ प्रतिशत छ । फागुनसम्म एक खर्ब ६१ करोड रूपैयाँको निर्यात हुदाँ त्यहाँबाट मात्रै १९ अर्ब ५८ करोडको निर्यात भएको छ ।

# अर्थतन्त्रमा समस्या रहेको स्वीकार गरेर निकास खोजौँ : अध्यक्ष ढकाल

काठमाडौं । नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले मुलुकको अर्थतन्त्र अझै समस्यामुक्त नभएकाले समस्यालाई स्वीकार गरेर नै समाधान खोज्नुपर्ने बताएका छन् ।

महासंघको ५८औँ वार्षिक साधारणसभालाई आज यहाँ सम्बोधन गर्दै मुलुकको अर्थतन्त्र यसअघिको नियन्त्रणमुखी नीति तथा कार्यक्रमका कारण समयानुकूल विकास हुन नसकी समस्यामा पर्दै गएको बताए ।



पहिला देशको अर्थतन्त्रमा अझै समस्या छ भन्ने स्वीकार गरेपछि मात्र यसको समाधानको खोजी सहज हुने उनको भनाइ थियो । उनले भने, 'अहिले आम्दानी र खर्चबीच तालमेल मिलेको छैन । मुलुकको खर्च धान्ने निजी क्षेत्र पखेटा फिँजाएर थप आर्जन गर्न खोजिरहेको छ, तर राज्यका तर्फबाट त्यसका लागि आवश्यक सेवा र सुरक्षा पाउन सकेको छैन । यो क्षेत्रले अहिले सरकारबाट प्रोत्साहन चाहेको छ । अहिलेको अवस्थामा निजी क्षेत्रलाई काम गर्ने वातावरण र अर्थतन्त्र सुधारका लागि राज्यका प्रभावकारी नीति आवश्यक छ ।'

केही समयअघि नेपाल पनि श्रीलंकाको जस्तो अर्थतन्त्रमा पुग्छ भन्ने त्रासले निकै नै नियन्त्रणमुखी कार्यक्रम नेपाल सरकार तथा केन्द्रीय बैंकले अवलम्बन गरेका कारण अर्थतन्त्र यसरी संकुचन हुन पुगेको र अर्थतन्त्र सुधारका लागि दिगो कार्यक्रम अवलम्बन गर्न नसकिएको उनको भनाइ थियो । करिब दुई वर्षदेखि सुस्ताएको अर्थतन्त्रको रोग पहिचान गरेर त्यसको निदानका लागि मुलुकका सबै निजी क्षेत्रका तर्फबाट साझा सुझाव दिएको र ती सुझावहरू राज्यका सम्बद्ध निकायले लागू नगर्दा समस्या झन् बल्झिँदै गएको उनले बताए ।

अध्यक्ष ढकालले भने, 'अहिलेको अवस्थामा मुलुकको अर्थतन्त्र सुधारका लागि राजनीतिक तहबाट त्यसलाई अपनत्व ग्रहण गरिदिनुपर्‍यो । कानुनी अड्चन हुन गएका अवस्थामा त्यसलाई सहजीकरण गरिदिनुपर्‍यो र वातावरणीय रूपमा दिगो कार्यक्रमहरू अवलम्बन गर्नुपर्‍यो ।' उनले वित्तीय व्यवस्थापन खर्च पुँजीगत खर्चभन्दा झन्डै दोब्बर भएको अहिलेको अवस्थामा आन्तरिक स्रोत बढाउन सक्नुपर्ने र यसो गर्न नसकिएमा नेपाल अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुँदै जाने क्रममा ऋणको भार थप बढ्ने सम्भावना देखिएको औँल्याए ।

निजी क्षेत्रले निर्वाध रूपमा लगानी गरेर काम गर्न पाएको अवस्थामा मात्र पछिल्लो दुई वर्षमा देखिँदै गएको न्यून आर्थिक वृद्धिको समस्या हल हुने उनको निष्कर्ष थियो ।

## खेलकुद

# यस्तो हुनेछ विश्वकपमा नेपालको जर्सी




आसन्न टि-२० विश्वकपका लागि नेपालको नयाँ जर्सी सार्वजनिक भएको छ । नेपाल क्रिकेट संघ (क्यान)ले एक कार्यक्रम गर्दै सोमबार राष्ट्रिय क्रिकेट टिमको नयाँ जर्सी सार्वजनिक गरेको छ । जर्सी खेलकुदमन्त्री विराजभक्त श्रेष्ठ र राखेप सदस्य सचिव टंकलाल घिसिङले सार्वजनिक गरे । निलो रङको नयाँ जर्सीको सबैभन्दा तल रातो रङमा गैडा र सगरमाथा छ । बीचमा पछाडि खेलाडीका र अगाडि नेपाल लेखिएको छ । जर्सी कलर रातो रंग छ, दुवैतर्फ कुममा रातो रंगमा नेपालका झण्डा बनाइएको छ । जर्सी केल्मीले बनाएको हो ।

टि-२० विश्वकपको समूह डी मा दक्षिण अफ्रिका, श्रीलंका, बंगलादेश, नेदरल्यान्ड्स् र नेपाल छन् । शीर्ष दुईमा रहने हरेक समूहका दुई दुई टोली सुपर ८ मा पुग्नेछन् । नेपाल सन् २०१४ पछि पहिलो पटक टी-२० विश्वकप खेल्न लागेको हो । प्रतियोतिगामा नेपालले पहिलो खेल नेदरल्यान्ड्ससँग खेल्ने छ । जुन ४मा हुने यो खेल अमेरिकाको डल्लासमा हुनेछ । यस्तै, नेपालले दोस्रो खेल श्रीलंकासँग जुन ११मा अमेरिकाकै फ्लोरिडामा खेल्नेछ ।

यस्तै, नेपालले तेस्रो खेल दक्षिण अफ्रिकासँग सेन्ट भिसेन्टमा खेल्नेछ । खेल जुन १४मा हुनेछ । समूहको अन्तिम खेल नेपालले सेन्ट भिसेन्टमै बंगलादेशसँग जुन १६मा खेल्ने छ ।

# नेपालले जितयो फ्रेन्डसिप टी-२० उपाधि




नेपाली राष्ट्रिय क्रिकेट टोलीले आइतबार फ्रेन्डसिप कप टी-२० प्रतियोगिताको उपाधि जितेको छ । नेपालले भारतको रणजी ट्रफी खेल्ने गुजरातलाई १८ रनले हराउँदै उपाधि जितेको हो । नेपालले प्रस्तुत गरेको १७७ रनको लक्ष्य पछ्याएको गुजरातले २० ओभरमा आठ विकेट गुमाउँदै १५८ रन मात्रै बनाउन सक्यो । गुजरातका कप्तान उमांग रोहितकुमारले सर्वाधिक ४० रन बनाए । उनले २८ बलमा दुई चौका र दुई छक्का प्रहार गरेका थिए । यसैगरी, आर्य देसाईले ३६ रन जोड्न २४ बलमा चार चौका र दुई छक्का प्रहार गरेका थिए ।

गुजरातका रूद्र पटेलले १७ रन जोडे । जयमित पटेल र हर्ष देसाईले समान १५ रन बनाए । नेपालका अभिनाश बोहराले चार ओभरमा २६ रन खर्चेर तीन विकेट लिए । दीपेन्द्रसिंह ऐरीले चार ओभरमा १३ रन खर्चेर दुई विकेट लिए । यसैगरी, करण केसी र कुशल मल्लले समान एक विकेट लिए । टस जितेर ब्याटिङ गरेको नेपालले २० ओभरमा चार विकेट गुमाउँदै १७६ रन बनाएको थियो । नेपालका कप्तान रोहित पौडेलले सर्वाधिक ७४ रन जोडे । उनले ४७ बलमा पाँच चौका र चार छक्काको सहयोग लिए ।

ओपनर आसिफ शेखले ३४ बलमा दुई चौका र एक छक्कासहित ३४ रन बनाए । कुशल भुर्तेलले २१ बलमा १९ रन बटुलेका थिए । कुशल मल्लले १३ बलमा दुई चौका र दुई छक्काको सहयोगमा ३१ रन बनाए । सन्दीप जोरा ७ रनमा नटआउट रहे । मध्यक्रमका दीपेन्द्रसिंह ऐरी ७ रन बनाएर आउट भए । गुजरातका स्नेह पटेल, तेजास पटेल, जयमित पटेल र जाला युवराज सिंहले समान एक विकेट हात पारे ।

# एसियाडमा रजत पदक विजेता एरिका सम्मानित

१९औँ एसियाली खेलकुदमा रजत पदक विजेता कराँतेकी एरिका गुरुङ अमेरिकामा सम्मानित भएकी छिन् । अमेरिकामा रहेको च्याम्पियन मार्सन क्लब युएसएले सात हजार ११ अमेरिकी डलरसहित एरिकालाई सम्मान गरेको हो । कार्यक्रममा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघका अध्यक्ष तथा आठौँ र नवौँ दक्षिण एसियाली खेलकुद (साग)का स्वर्ण पदक विजेता दीपक श्रेष्ठ, १३औँ सागकी स्वर्ण विजेता अनु अधिकारी र विप्लभ श्रेष्ठ पनि सहभागी थिए ।

एरिका अमेरिकामा आयोजना भएको युएस च्याम्पियनसिप खेल्न त्यसतर्फ पुगेकी हुन् । प्रशिक्षक कुशल श्रेष्ठको प्रशिक्षणमा एरिकाले एक रजत र एक कांस्य पदक जितेकी थिइन् ।

## कर्पोरेट

## ● प्रभु बैंक र नेपाल क्लियरिङ हाउसबीच अन्तर्देशीय कारोबार सम्बन्धी सम्झौता



प्रभु बैंक र नेपाल क्लियरिब हाउस लि. (एनसीएचएल) का विच नेपाल र भारतबीच अन्तर्देशीय कारोबार भुक्तानी सहजीकरण गर्ने सम्बन्धी सम्झौता सम्पन्न भएको छ ।

उक्त सम्झौतामा प्रभु बैंक कातर्फबाट प्रमुख व्यवसाय अधिकृत रश्मी पन्त र नेपाल क्लियरिब हाउसका तर्फबाट प्रमुख कार्यकारी अधिकृत निलेशमान सिंह प्रधानले हस्ताक्षर गरेका हुन् ।

प्रभु बैंक र नेपाल क्लिरिब हाउस लि. (एनसिएचएल) बीच आज सम्पन्न सम्झौता बमोजिम अन्तर्देशीय कारोबार क्रस बोर्डर भुक्तानी सेवा सुरु भएपछि नेपालमा रहेका भारतीय नागरिकले नेपाल राष्ट्र बैंकद्वारा तोकिएको सीमा पालना गर्दै प्रभु बैंकमा खोलिएको कुनै पनि यूपीआई ह्यान्डल लिंक गरिएको खाताबाट भारतमा रहेको आफ्नो खातामा सिधै रकम पठाउन सक्ने सुविधा उपलब्ध हुनेछ ।

नेपाल राष्ट्र बैंकले तोकेको सीमाभित्र रहेर दैनिक रूपमा रू. १५ हजार भारतीय रुपैयाँ र मासिक रू. १ लाख सम्म भारतीय रुपैयाँ भारतमा पठाउन यो सम्झौताले ले सहज हुने विश्वास बैंकले लिएको छ ।

बैंकका अनुसार भारतमा रहेका नेपाली नागरिकहरूले पनि यूपीआई ईनेबल्ड एपहरू प्रयोग गरेर त्यहाँको नियामकले तोकेको सीमाको अधिनमा रही नेपालमा प्रभु बैंकको यूपीआई ह्यान्डल लिंक गरिएको खातामा सिधै रकम पठाउन सक्ने व्यवस्था समेत मिलाइएको छ । हाललाई भने भारतमा रहेका नेपाली नागरिकहरूले भारतीय बैंकमा खोलेको खाताबाट प्रति कारोबार दुई लाख भारतीय रूपैयाँसम्म र खाता नभएको खण्डमा १ वर्षमा १२ वटा भन्दा बढी कारोबार ननाघ्ने गरी आफूलाई पायक पर्ने भारतीय बैंकबाट प्रति कारोबार ५० हजार सम्म भारतीय रूपैयाँ पठाउन सक्ने व्यवस्था रहेको छ । यो अन्तर्देशीय विद्युतीय भुक्तानी सेवामा आबद्ध ग्राहकहरूले नेपाल तथा भारतीय नियामक निकायद्वारा तोकिएको सीमा बमोजिमको रकम सहजै अन्तर्देशीय कारोबार भुक्तानी गर्न सकिने बैंकले जनाएको छ ।

## ● आइएमई पेले ल्यायो नयाँ वर्षमा 'सुपर वालेटमा, सुपर बेनिफिट'

आइएमई पेले नयाँ वर्ष २०८१ का अवसरमा सुपर वालेट प्रयोगकर्ताहरूलाई दर्जनभन्दा बढी नयाँ सुविधा दिने जनाएको छ ।

'सुपर बेनिफिट प्याकेज'मा आइएमई पे प्रयोगकर्ताहरूले वालेट ब्यालेन्समा बैंकहरूले दिने बराबरको ब्याज, बैंकमा पैसा ट्रान्सफर गर्दा निःशुल्क सेवा, हरेक कारोबारमा अधिकतम रिवार्ड पोइन्ट, स्वास्थ्य बिमा प्याकेजमा आकर्षक छुट, भर्चुअल भिसा कार्डबाट अनलाइन भुक्तानी गर्दा तुरुन्तै क्यास ब्याक पाउने कम्पनीले जनाएको छ ।

यस्तै, हवाई टिकट खरिदमा तथा घरायसी उपभोग्य सेवाहरूको भुक्तानीमा निरन्तर प्रोमो कोडहरू, केबलकारहरूको टिकट खरिदमा विशेष छुटका साथै वर्षैभरि ६ हजार रूपैयाँसम्मको क्यास ब्याक फाइदा पनि आइएमई पे प्रयोगकर्ताहरूले पाउनेछन् । आइएमई डिजिटलका प्रमुख कार्यकारी अधिकृत प्रवीण रेग्मीले नयाँ वर्षको उपलक्ष्यमा थप सुविधासहितको प्रिमियम प्याकेजले ल्याएको बताए ।

## ● नयाँ वर्षमा सिजीको 'नयाँ सोचौं, नयाँ रोजौं' योजना

इलेक्ट्रोनिक्स ब्रान्ड सिजीले नयाँ वर्ष ०८१ को अवसरमा 'नयाँ सोचौं, नयाँ रोजौं' उपहार योजना सार्वजनिक गरेको छ । यस योजनाअन्तर्गत सिजी तथा सिजी मेरिडियाका उत्पादनमा ५८ हजार आठ सयसम्मको आकर्षक क्यासब्याक तथा अन्य विभिन्न पक्का उपहार उपलब्ध रहेको कम्पनीले जनाएको छ ।

योजनाअन्तर्गत सिजीका एलइडी टिभी, गुगल टिभी, एयर कन्डिसनर, रेफ्रिजेरेटर, वासिङ मेसिन, एयर कुलर, भ्याकुम क्लिनर, अडियो सिस्टम, चेस्ट फ्रिजर र सोकेस तथा माइक्रोवेभ ओभनमा आकर्षक क्यासब्याक तथा सीमित उत्पादनमा पक्का उपहार पाइने कम्पनीको भनाइ छ ।

त्यसैगरी, ग्राहकले ३२, ४३, ५० र ५५ इन्चको एलइडी टिभी, अडियो सिस्टम, रेफ्रिजेरेटर, सोकेस, चेस्ट फ्रिजर, एयर कुलर र भ्याकुम क्लिनरमा क्यासब्याक अफर पाउनेछन् । साथै, ६५ र ७५ इन्चको गुगल टिभीमा क्यासब्याकलगायत २.१ स्पिकर उपहार पनि रहेको बताइएको छ ।

कम्पनीले शून्य प्रतिशत इएमआईमा सिजी लोयल्टी क्लब रिवार्ड र पुरानो इलेक्ट्रोनिक्स सामानसँग नयाँ सिजीको सामान साट्न सक्ने सुविधासमेत रहेको बताइएको छ । यो योजना २१ चैतदेखि सीमित अवधिका लागि लागू भइसकेको कम्पनीको भनाइ छ ।

## ● गरिमा क्यापिटलको पुँजी बजार सेवा



गरिमा क्यापिटल लिमिटेड र नेक्सजेन म्यानेजमेन्ट सोलुसन्स प्रालिबीच व्यावसायिक सम्झौता भएको छ । सम्झौतापत्रमा क्यापिटलका तर्फबाट प्रमुख कार्यकारी अधिकृत निर्मल भट्टराई र नेक्सजेनका तर्फबाट अध्यक्ष रमेशकुमार भट्टराईले हस्ताक्षर गरे ।

सम्झौताअनुसार गरिमा क्यापिटलले नेक्सजेन म्यानेजमेन्टका ग्राहकवर्गलाई पुँजी बजारसँग सम्बन्धित सेवा प्रदान गर्ने बताइएको छ । यो सहकार्यले पुँजी बजारमा सहज, सुरक्षित र भरपर्दो रूपमा सेवा प्राप्त गर्न सहयोग पुऱ्याई नेपालको आर्थिक आत्मनिर्भरता र समृद्धिमा टेवा पुऱ्याउने कम्पनीको विश्वास छ ।

## ● विद्यार्थीलाई सिटिजन्स बैंकको छात्रवृत्ति



सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले बालविकास समाजलाई आर्थिक सहयोग गरेको छ । बैंकले १७औं वार्षिकोत्सवका अवसरमा अनाथ बालबालिकालाई लालनपालन तथा स्वास्थ्य उपचारका लागि एक लाख ५० हजार आर्थिक सहयोग गरेको हो । एक समारोहबीच बैंकले डेढ हजारबराबरको चेक संस्थाका अध्यक्ष सुवास गौतमलाई हस्तान्तरण गरेको जनाएको छ । बालविकास समाजमा रहेका ८० जना बालबालिकामध्ये १५ जना बालबालिकाको शिक्षा तथा स्वास्थ्य उपचारमा उक्त रकम खर्च गर्ने अध्यक्ष गौतमले बताए ।

बैंकले आफ्नो वार्षिक उत्सवको उपलक्ष्यमा सामाजिक रूपान्तरणका लागि कार्य गर्ने संस्थालाई आर्थिक सहयोग उपलब्ध गराउँदै आएको बताइएको छ । यसैको निरन्तरतास्वरूप बैंकले आफ्नो वार्षिक कार्यतालिकाअनुसार उक्त सहयोग रकम हस्तान्तरण गरेको हो । बैंकले आगामी दिनमा पनि संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक आदिजस्ता क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउन यस्ता कार्यक्रम सञ्चालन गर्ने बताएको छ ।

## ● आइएमई लाइफको चिफ मार्केटिङ अफिसरमा चौलागाईं

आइएमई लाइफ इन्स्योरेन्सको चिफ मार्केटिङ अफिसरमा गणेश चौलागाईं नियुक्त भएका छन् । कम्पनीको सञ्चालक समितिको १८८औं बैठकले उनलाई नियुक्ति गर्ने निर्णय गरेको हो ।

बिमा क्षेत्रमा करिब १८ वर्ष लामो कार्यअनुभव हासिल गरेका चैलागाईं कम्पनीको चिफ मार्केटिङ अफिसरका रूपमा नियुक्त भएका हुन् । चौलागाईं यसअघि सानिमा रिलायन्स लाइफ इन्स्योरेन्समा प्रमुख व्यापार अधिकृतका रूपमा आबद्ध थिए ।

व्यवस्थापन संकायमा स्नातकोत्तर गरेका चौलागाईंसँग सानिमा लाइफ इन्स्योरेन्स लिमिटेडमा पुनर्बिमा विभाग, अनुसन्धान तथा विकास विभाग, बजार व्यवस्थापन विभाग र प्राइम लाइफ इन्स्योरेन्स कम्पनीमा प्रदेश प्रमुख तथा शाखा प्रमुख भई काम गरेको अनुभव छ ।

## ● नेपाल एसबिआई बैंक र न्युरो कार्डियो एन्ड मल्टिस्पेसियालिटी हस्पिटलबीच सम्झौता



नेपाल एसबिआई बैंक र न्युरो कार्डियो एन्ड मल्टिस्पेसियालिटी हस्पिटल प्रालि (न्युरो अस्पताल) विराटनगरबीच छुट प्रदानसम्बन्धी सम्झौता भएको छ ।

नेपाल एसबिआई बैंकका सम्पूर्ण भिसा डेबिट कार्ड तथा मोबाइल बैंकिङ सेवा प्रयोगकर्ता ग्राहकलाई लक्षित गरी विभिन्न स्वास्थ्य सेवामा छुट प्रदान गर्ने सम्झौता भएको हो ।

उक्त सम्झौतामा बैंकका कोशी प्रदेश प्रमुख रविन घिमिरे तथा अस्पतालका अप्रेसन डाइरेक्टर राजेश भट्टराईले हस्ताक्षर गरेका छन् । उक्त कार्यक्रममा बैंक तथा अस्पतालका कर्मचारीको उपस्थिति रहेको थियो ।

## ● मोबाइल एपबाटै विनाधितो दुई लाखसम्म कर्जा

कृषि विकास बैंकले एडिबिएल स्मार्ट प्लस एपमा कर्जाको नयाँ सुविधा सुरु गरेको छ । यस सुविधामार्फत ग्राहकले विनाकुनै धितो बैंकिङ एपबाटै ग्राहकले दुई लाख रूपैयाँसम्म तुरुन्तै कर्जा प्राप्त गर्न सक्ने बताइएको छ । बैंकका अनुसार कर्जाका लागि प्रत्यक्ष रूपमा कागजी कार्य वा बैंक भ्रमण गर्नुपर्नेछैन । यस बैंकमा तलबी प्रकारका खाता भएका योग्य ग्राहकले बैंकले तोकेको सीमाअनुसार मोबाइल बैंकिङ एपबाट नै कर्जा लिन, मासिक किस्ताका आधारमा उक्त कर्जाको भुक्तानी तीनदेखि एक वर्षसम्म तय गर्न सक्ने बैंकले जनाएको छ । त्यसैगरी, पूर्वभुक्तानीको विकल्प पनि रहेको बैंकले जनाएको छ ।

त्यसैगरी, एडिबिएल इन्स्ट्यान्ट फोन लोनका लागि योग्य ठहरिएका ग्राहकले 'बाई नाउ, पे लेटर'को सुविधा पनि प्राप्त गर्न सक्ने बैंकले जनाएको छ । यो सुविधाको प्रयोग कुनै पनि फोनपे मर्चेन्टमा क्युआरमार्फत क्रेडिट भुक्तानी गर्न प्रयोग गर्न सकिन्छ । यसबाट ग्राहकले आफूलाई चाहिएको सामानको खरिद गर्न अनुमति दिने र यसलाई निर्धारित समयभित्र मासिक किस्तामा भुक्तानी गर्नुपर्ने बैंकले जनाएको छ ।

त्यसैगरी, ग्राहकले 'कन्भर्ट टु इएमआई' सुविधा पनि प्राप्त गर्न सक्ने बैंकले जनाएको छ । यसअन्तर्गत ग्राहकले आफ्नो अघिल्लो ठूलो कारोबार रकमलाई कर्जामा रूपान्तरण गरी मासिक किस्तामा भुक्तानी गर्न सक्नेछन् ।

## ● सेन्ट्रल फाइनान्सको २७औं साधारणसभा सम्पन्न




सेन्ट्रल फाइनान्स लिमिटेडको २७औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । २७ वर्षदेखि बैंकिङ सेवा दिँदै आएको फाइनान्सको वार्षिक साधारणसभा चैत २३ गते शुक्रबार सम्पन्न भएको हो ।

नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त उक्त वित्तीय संस्थाको चुक्ता पुँजी १४ करोड ८८ लाख ७५ हजार रूपैयाँ, निक्षेप सात अर्ब २६ करोड र कर्जा चार अर्ब ८३ करोड रूपैयाँ रहेको छ ।

संस्थाले 'सेन्ट्रल स्मार्ट' मोबाइल बैंकिङ एप, एटिएम डेबिट कार्ड, चेक क्लियरिङ, आइपिएस, कनेक्ट आइपिएस, कर्पोरेट पे, आरटिजिएस, मर्चेन्ट क्युआर पेमेन्ट, क्युआर टेलर, रेमिट्यान्स सेवा, सी-आस्वाजस्ता आधुनिक बैंकिङ सेवा प्रदान गर्दै आएको छ । आधुनिक प्रविधिको उच्चतम प्रयोग गरी थप डिजिटल बैंकिङ सेवा प्रदान गर्दै लैजाने लक्ष्य लिएको संस्थाले जनाएको छ ।

ललितपुरको कुपण्डोल कानदेवस्थानमा केन्द्रीय कार्यालय रहेको यस वित्तीय संस्थाले देशका १९ वटा शाखा र भक्तपुरको सल्लाघारीमा एक एक्सटेन्सन काउन्टरबाट सेवा दिँदै आएको छ ।

## ● एनसिएचएलले नेप्सलाई प्राप्ति गर्ने

नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसिएचएल)ले नेपाल इलेक्ट्रोनिक पेमेन्ट सिस्टम्स् लिमिटेड (नेप्स)लाई प्राप्ति गर्ने भएको छ । दुवै संस्थाबीच प्राप्ति गर्नेबारे सम्झौता भएको बताइएको छ । बिहीबार बसेको संयुक्त मर्जर प्राप्ति समितिको बैठकमा एनसिएचएल र नेप्स तर्फका संयोजक महेश शर्मा ढकाल र नेप्सका सञ्जीव श्रेष्ठबीच सम्झौतापत्र आदान-प्रदान गरिएको हो ।

सम्झौतापश्चात् दुवै संस्थाले छुट्टाछुट्टै विशेष साधारणसभामार्फत आफ्ना सेयरधनीको समर्थन लिई



नेपाल राष्ट्र बैंकको अन्तिम स्वीकृतिपछि कम्पनी रजिस्ट्रार कार्यालयको आवश्यक प्रक्रिया सम्पन्न गरी एकीकृत कार्य गर्नेछ ।

नेप्सले हालसम्म विभिन्न कार्ड स्किमका लागि कार्ड स्विचको पूर्वाधार विस्तार गर्दै बैंक वित्तीय संस्थालाई सेवा दिँदै आएको छ भने एनसिएचएलले कार्डबाहेकका विभिन्न विद्युतीय भुक्तानी प्रणाली, पूर्वाधार तथा प्लेटफर्ममार्फत आफ्ना सदस्यलाई सेवा दिँदै आएको बताइएको छ ।

विद्युतीय भुक्तानी पूर्वाधारको विकास तथा यसको प्रयोग वृद्धि गरी डिजिटल नेपालले परिकल्पना गरेको उक्त क्षेत्रलाई आधुनिकीकरण तथा अन्तरआबद्धता कायम गर्न र यससम्बन्धी दूरगामी परियोजनाहरूको सफल कार्यान्वयनका लागि राष्ट्रिय भुक्तानी स्विचलगायतका थप पूर्वाधार विस्तार गर्न यस साझेदारीले सहयोग हुने अपेक्षा गरिएको छ ।

## ● कनेक्ट आइपिएसमा सुनोको 'क्रस बोर्डर रिक्वेस्ट टु पे' सेवा सुरु

सुनो र ठमेल रेमिटमार्फत 'क्रस बोर्डर रिक्वेस्ट टु पे' सेवा सुरू भएको छ । नेपाल राष्ट्र बैंक र बैंक वित्तीय संस्थाहरूबाट प्रवर्द्धित नेपाल क्लियरिङ हाउस लिमिटेडले अमेरिकाको सुनोसँग यो सेवा थालनी गरेको हो । एनसिएचएलद्वारा सञ्चालित मल्टी बैंकिङ प्लेटफर्म कनेक्ट आइपिएसमा थप सेवाका रूपमा सुचारू गरिएको उक्त 'रिक्वेस्ट टु पेको सेवा' पृथक् खालको मेसेजिङ सोलुसन भएको बताइएको छ । यसबाट नेपालका ग्राहकले अमेरिकामा रहेका भुक्तानीकर्ता व्यक्ति, व्यवसाय वा संस्थासँग सजिलै भुक्तानी रिक्वेस्ट पठाउन र भुक्तानी प्राप्त गर्न सक्ने भएका छन् ।

नेपालको राष्ट्रियस्तरको भुक्तानी पूर्वाधारमा क्रस बोर्डर रिक्वेस्ट टु पेलाई सुनोसँग एकीकृत गरी अमेरिकामा रहेको नियो बैंकिङ नेटवर्कमा रहेका बैंकबाट भुक्तानी प्राप्त गर्न सकिने सेवाको थालनी गर्ने एनसिएचएल र सुनो पहिलो संस्था बनेको बताइएको छ । रिभर्स रेमिट्यान्स सुविधाका रूपमा रहेको यस सेवामार्फत नेपालका लाभग्राहीले अमेरिकाका भुक्तानीकर्तालाई भुक्तानी अनुरोध पठाउन र कनेक्ट आइपिएस प्लेटफर्ममार्फत नेपालमा तोकिएको बैंक खातामा रियल टाइममा भुक्तानी प्राप्त गर्न सक्नेछन् ।

उक्त सुविधा रियल टाइम क्रस बोर्डर रेमिटको क्षेत्रमा एक महत्वपूर्ण कोसेढुंगाका रूपमा लिइएको छ । एनसिएचएलको एनपिआईमा समेत उपलब्ध उक्त सेवालाई सम्बन्धित मोबाइल बैंकिङ तथा वालेटमा समेत क्रमिक रूपमा विस्तार गरिने बताइएको छ ।

## २०४६ साल...

४ अर्बको खरिदमा २ अर्ब भ्रष्टाचार हुने गरेका विभिन्न प्रमाणहरू भेटिएका छन् । त्यसरी ४ अर्बको खरिदमा २ अर्ब भ्रष्टाचार हुने गरि खरिद आदेश दिने र त्यसलाई स्वीकृत गर्ने मन्त्री सचिव र अन्य व्यक्तिहरूलाई कानुनी कठघरामा नउभ्याएसम्म भ्रष्टाचार न्यूनीकरण हुन सक्दैन । मन्त्रीहरूले आफूले निर्णय गर्न सक्ने विषयहरू पनि मन्त्रिपरिषद्को बैठकमा लगेर निर्णय गराउने र भ्रष्टाचार गर्ने गरेका हुनाले अब मन्त्रिपरिषद्का निर्णयहरू समेत अख्तियार दुरूपोग अनुसन्धान आयोगले छानविन गर्न सक्ने अधिकार अख्तियारलाई दिइनु उपर्युक्त हुनेछ ।

पछिल्लो समयमा मन्त्रिपरिषद्बाट भएका निर्णयहरूबाटै ठुलो मात्रामा भ्रष्टाचार भएको समाचार प्रकाशत र प्रसारित हुँदै आएका छन् । त्यसको प्रत्यक्ष प्रमाण हो ललिता निवास जग्गा काण्ड । ललिता निवास जग्गा काण्डमा तत्कालिन प्रधानमन्त्री बाबुराम भट्टराई भट्टराईको नेतत्वको सरकारले नक्कली गुठी खडा गरेर नक्कली मोही बनाउने निर्णय गरेको थियो भने तत्कालिन प्रधानमन्त्री माधव नेपालको सरकारले त्यही नक्कली गुठीको नक्कली मोहीलाई जग्गा दिने निर्णय मन्त्रिपरिषद्को बैठकबाट गराएको थियो ।

पछिल्लो समयमा नागरिक समाज लगायत विभिन्न क्षेत्रबाट २०४६ सालको राजनीतिक परिवर्तनपछि सार्वजनिक पदमा बसेका व्यक्ति र तिनका परिवारको सम्पत्ति छानविन हुनुपर्ने माग उठिरहेको छ । अहिले केही राजनीतिक दलहरू जस्तै रास्वपा, राप्रपा लगायत दलहरूले छानविनको माग गरिरहेका हुनाले अब पुष्पकमल दाहाल नेतृत्वको सत्ता गठबन्धनको सरकारले उच्चस्तरीय छानविन आयोग बनाएर उनीहरूको र उनीहरूका परिवारको नाममा रहेको सम्पत्ति छानविन गर्नु आवश्यक छ ।

२०४६ सालअघि हात्ती छाप चप्पल लगाउन नसक्ने व्यक्तिहरू आज कसरी अर्बौंपति भए त्यसको हिसाब किताब जनताले खोजिरहेका हुनाले के राजनीतिक दलहरू त्यस्तो उच्चस्तरीय छानविन समिति बनाएर राजनीतिक र उच्च तहमा बसेका र्कचारीहरू र उनीहरूका परिवारको नाममा रहेको सम्पत्ति छानविन गराउन तयार होलान् ? कुनै एक व्यक्तिलाई बद्नाम गर्न मात्र छानविन गर्नु उपर्युक्त हुन सक्दैन । त्यसैले २०४६ पछिका सबै राजनीतिज्ञहरूको र उनीहरूको परिवारको नाममा रहेको सम्पत्ति छानविन गरी सार्वजनिक गरिनु आवश्यक रहेको छ ।

## सत्ता र...

त्यस्तो संसदीय छानविन समितिको आवश्यकता नपर्ने बताउँदै आएको छ ।

संसदीय छानविन समितिको मागमा पनि कांग्रेसभित्र समेत एक मत रहेको छैन । कांग्रेसको संस्थापनइतर पक्षका नेताहरू शेखर कोइराला, महामन्त्रीद्वय गगन थापा, विश्वप्रकाश शर्मा लगायतका अधिकांश नेताहरू गृहमन्त्री लामिछानेको बढ्दो लोकप्रियतालाई कम गर्ने यहि अवसर हो भन्ने ठानेर यसै विषयलाई अस्त्र बनाउने चाहनामा रहेका छन् भने सभापति देउवा र संस्थापन पक्षका केही नेताहरू यसैलाई भाष्य बनाएर अघि बढ्दा भविष्यमा हुने सत्ता समिकरणलाई लिएर रास्वपासँग दुरी बढाउने पक्षमा नरहेको हुनाले कांग्रेसभित्रै त्यसै विषयलाई लिएर विवाद उत्पन्न हुन सक्ने सम्भावना देखिएको छ ।

कांग्रेसले भने आफूले न्यायिक समिति बनाउ नभनेको र गृहमन्त्रीको राजिनामा समेत नमागेकोले संसदीय छानविन समिति बनाउनैपर्नै भनाई कांग्रेसका प्रमुख सचेतक रमेश लेखकको रहेको छ । कांग्रेसले लामो समयसम्म गृहमन्त्री लामिछानेलाई संसदको रोष्टमबाट बोल्न समेत दिएको छैन । लामिछाने सांसद हुन उनलाई सांसदको रूपमा समेत रोष्टमबाट बोल्न नदिनु भनेको लोकतन्त्र र लोकतान्त्रिक व्यवस्था कै उल्लघन हो । आफूलाई लोकतन्त्रको हिमायती भन्ने कांग्रेसको यहि चरित्रले गर्दा कांग्रेसको चरित्र उदाँगो भएको छ ।

## बालमन्दिरको...

सिंह बैद्य बालमन्दिरको अध्यक्ष रहेका बेला बाल मन्दिरको जग्गा सरकारको नियम विपरित एक निजी स्कूल बृहस्पति सदनलाई ५२ वर्षका लागि भाडामा दिने निर्णय गरेकी थिइन् । जबकि नेपालको कानुन अनुसार सरकारी जग्गा भाडामा दिनुपर्दा सरकारको स्वीकृत्तिमा बढीमा ३० वर्षका लागि दिन सकिने व्यवस्था रहेपनि विशाल ग्रुपद्वारा सञ्चालित उक्त स्कूललाई कौडीको मूल्यमा ५२ वर्षसम्मका लागि भाडामा दिनु सरासर भ्रष्टाचार हो । बालमन्दिरको नाममा रहेको २८ रोपनी जग्गामा अहिले बृहस्पति शिक्षा सदन राई स्कूल लगायतका संस्थाले उक्त जग्गा प्रयोग गरिरहेका छन् । उक्त जग्गालाई बैंकमा धितो राखेर विशाल ग्रुपबाटै सञ्चालित भएको एनआइसी एसिया बैकबाट ठुलो मात्रामा ऋण लिएको पाइएको छ । सरकारी जग्गा भाडामा दिँदा सरकारको स्वीकृत्ति चाहिने र सो जग्गा बैंकमा धितो राख्न नपाइने कानुनी व्यवस्था भएपनि त्यसलाई अध्यक्ष रितासिंह बैद्यले उल्लघन गर्दै त्यस्तो गैरकानुनी निर्णय गरेकी हुन् ।

बालमन्दिरको जग्गा सम्बन्धमा समाचारहरू प्रकाशित र प्रसारित भएपछि सो विषयमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अनुसन्धान गरिहेको र अनुसन्धनमा व्यापक रूपमा अनियमितता भएको भेटिएको अख्तियार सूत्रले बताएको छ । त्यस विषयमा अख्तियारले अध्यक्ष बैधलाई बयान लिन बोलाउँदा उनी आफूँ विरामी भएको भन्दै बयान दिन इन्कार गरिरहेका भएपनि तत्कालिन बालमन्दिरका कार्यसमिति सबै सदस्यहरूले बयान दिन सकेको सूत्रले दाबी गरेको छ । गणेशमानकी छोरी हुन् भन्दैमा भ्रष्टाचारमा उनी उम्किनु हुँदैन भन्ने आम जनताको भनाई रहेको छ ।

## सत्ता स्वार्थलाई...

बहादुर कार्की समेत मुछिएका छन् ।

बस्नेतलाई त्यही प्रकरणमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले बयान दिन बोलाउन आनाकानी गरिसकेपछि अख्तियारले अर्को कदम चाल्ने भनेपछि उनी झण्डा हल्लाउँदै बयान दिन पुगेका थिए । त्यसबेला संसदको प्रमुख प्रतिपक्षी दल रहेको नेकपा एमालेले उनको राजिनामा मागेको थियो तर उनले राजिनामा दिएनन् भने कांग्रेसले नै आरोप लाग्ने वित्तिकै राजिनामा दिनु नपर्ने भन्दै पन्छिएको थियो । नक्कली भुटानी शरणार्थी प्रकरणमा पूर्व गृहमन्त्री समेत रहेका वालकृष्ण खाँण पक्राउ परे । तर कांग्रेसले उनलाई केन्द्रीय सस्यबाट निलम्बन गरेन ।

कांग्रेसका सभापति शेरबहादुर देउवाले आरोप लाग्दैमा दोषी ठहर नहुने भने खाँणाका बचाउ गरेका थिए । तर अहिले आरोप प्रमाातित नभईसकेका अवस्थामा र लामिछानेमाथि मुद्दा नै नचलेको अवस्थामा उनको राजिनामा माग कांग्रेसले गरिरहेको छ । यसरी कांग्रेसले डबल रोल अपनाएर सत्तामा ढोक्सा थाप्ने कार्य गरिरहेकोले गर्दा रास्वपाका सांसद वाग्लेले संसदमा प्रस्तुत गरेको प्रस्ताव पारित गर्न के कांग्रेस तयार होला ? अहिलेको मूल प्रश्न भनेको यहि हो । पार्टीगत स्वार्थ र व्यक्तिगत स्वार्थलाई हेरेर संसदलाइ अनिर्णयको बन्दी बनाउने कार्य बन्द गरिनु आवश्यक छ । यदि संसद अवरूद्ध भएका सांसदहरूले त्यस दिनको तलब भत्ता लगायतका कुनै पनि सुविधा नलिने सर्वाजनिक घोषणा गरिनु आवश्यक छ ।

## कांग्रेस-एमाले...

पार्टीलाई जनताले पहिलो पटककै राष्ट्रिय पार्टीको मान्यता प्राप्त दल बनाई दिए भने प्रत्यक्ष तर्फसमेत केही व्यक्तिहरूलाई विजयी बनाईदिए । अहिले रास्वपाका संघीय संसदमा २१ सांसद रहेका छन् ।

मुलुकका पुराना पार्टीहरू मध्येको नेपाली कांग्रेस त गत निर्वाचनमा एक्लै निर्वाचनमा सम्म जान सकेन । गठबन्धन गरेर निर्वाचनमा जान कांग्रेस बाध्य भयो । कांग्रेस, माओवादी, नेकपा एकीकृत समाजवादी, जसपा, लोसपा लगायतका दलहरूसँग गठबन्धन गरेर निर्वाचनमा गएको भएपनि उसले १ सय ६५ सिट मध्येका ५६ सिटमा मात्र प्रत्यक्षतर्फ जित हाँसिल गर्न सक्यो । त्यसैगरी एक्लै निर्वाचनमा गएको नेकपा एमालेले ४४ सिटमा प्रत्यक्षमा जित निकालेको थियो । आफूलाई लोकतान्त्रिक पार्टी ठान्ने कांग्रेसले कम्युनिष्टहरूसँग गठबन्धन गरेर जनतामा गएकाले गर्दा उसले समानुपातिक तर्फको मत पनि गुमाउन पुग्यो । सत्तालाई मात्र ध्यानमा राख्ने कांग्रेसले जस्तोसुकै हठकण्डा प्रयोग गरेर भएपनि सत्तामा पुग्ने र जनताको पक्षमा कुनै काम गर्न नसकेका आरोप कांग्रेसमाथि लाग्दै आएको छ भने सत्तामा पुगेपछि कांग्रेसका मन्त्रीहरू भ्रष्टाचारीमा समेत मुछिएका हुनाले कांग्रेसले क्रमश जनताको समर्थन गुमाउँदै गएको प्रष्ट रूपमै देखिएको छ ।

नेकपा एमालेले भने गएको निर्वाचनमा प्रत्यक्ष ४४ सिट र समानुपातिकमा ३४ सिटमा जित हाँसिल गरेको भएपनि उसको समेत २०७२ सालमा भएको निर्वाचनमा समानुपातिक तर्फ पाएको मतमा केही कमी आएकाले गर्दा अब कांग्रेस, एमालेले सोच्नुपर्ने बेला आएको छ । के उनीहरू सच्चिने कि सक्किने भन्ने प्रश्न समेत पछिल्लो सयम उठ्न थालेको छ ।

## दलहरुकै...

केही नेता र कार्यकर्ताहरूमाथि देखावटी रूपमा कारबाही गर्ने गरिएको छ  ललिता निवास जग्गा काण्डमा पूर्व प्रधानमन्त्रीद्वय माधव नेपाल र बाबुराम भट्टराई नै संलग्न रहेका प्रमाणहरू भेटिएका छन् । तर, सत्ता स्वार्थलाई हेरेर उनीहरूमाथि कुनै कारबाही नै हुन सकेको छैन भने उनीहरूलाई सरकारी साक्षी राखेर अन्य व्यक्तिहरूलाई मुद्दा चलाइएको थियो । निर्णयकर्ताहरूलाई मुद्दा नचलाई निर्णयको कार्यान्वयन गर्नेहरूलाई मात्र मुद्दा चलाइएको भन्दै विशेष अदालतले केही व्यक्तिहरूलाई सफाई समेत दिएको थियो ।

२०४६ सालको राजनीतिक परिवर्तनपछि मुलुक भ्रष्टाचारको अहालमा डुबेको छ । २०४६ सालपछि सबै भन्दा बढी नेपाली कांग्रेसले सरकारको नेतृत्व गरेको हुनाले कांग्रेसका नेताहरू नै भ्रष्टाचारमा बढी देखिएका छन् । तर केहीलाई छोडेर अन्यलाई कारबाही भएको छैन । जनताले लोकतन्त्रमाथि विश्वास गर्दै आएका भएपनि राजनीतिक दल र तिनीहरूको व्यवहारले गर्दा लोकतन्त्रकै बद्नाम हुँदै गएको र लोकतन्त्रलाई राजनीतिक दलहरूले कमाई खाने भाँडोको रूमपा प्रयोग गर्दै आएकाले गर्दा लोकतन्त्रकै बद्नाम दलहरूले गर्दै आएका छन् ।

## यस्ता छन्...

आशयपत्र मार्गिंदै छ ।' बोर्डले प्रस्तुत गर्नेमध्ये २० परियोजनामा लगानीका लागि इच्छुक लगानीकर्ता समक्ष आशयपत्र (एक्सप्रेसन अफ इन्ट्रेस्ट) माग्दैछ । अर्थात् छनौट भएका परियोजनामध्ये कुनैमा लगानीका लागि इच्छुक भएमा सम्मेलनमा सहभागी स्वदेशी-विदेशी लगानीकर्ताले आशयपत्र दिन सक्छन् । आशयपत्र दिनुको अर्थ बोर्डले प्रस्तुत गर्ने परियोजनामा लगानी गर्न आफू वा आफ्नो संस्था, फर्म वा कम्पनी इच्छुक छ भन्नु हो ।

तर लगानीका लागि तयार हुँदै आशयपत्र दिइनु परियोजना अघि बढ्ने निश्चित हुने भने होइन । बोर्डका संस्थाका प्रमुख कार्यकारी अधिकृत राधेश पन्त आशयपत्र आउनुको अर्थ आयोजना अघि बढ्ने चरणमा प्रवेश हुनु बताउँछन् । 'आयशपत्र आह्वान गरिँदैमा र लगानीकर्ताले आशयपत्र हाल्दैमा आयोजना बन्छ भने निश्चित हुँदैन,' पन्तले भने, 'आशयपत्र आइसकेपछिका अन्य धेरै चरण हुन्छन् ।'

हालसम्म विश्वभरका साढे २ दर्जन देशका (नेपालसहित) करिब २०० लगानीकर्ताले सम्मेलनमा सहभागिताको प्रतिबद्धता जनाइसकेका छन् । जसमा अमेरिकाका लगानीकर्ता धेरै छन् । यसपछि भारत र चीनबाट सम्मेलनमा सहभागिताको प्रतिबद्धता धेरै आएको छ । सम्मेलनमा सहभागिता जनाउने तीनै लगानीकर्तासमक्ष बोर्डले छानेका परियोजना प्रस्तुत गरिन्छ ।

सम्मेलनमा परियोजनाको अनुमानित लागत, निर्माण अवधि र निर्माणपछि दिने अनुमानित प्रतिफलसमेत उपलब्ध गराइन्छ । परियोजना र परियोजनाबाट हुने आम्दानी लगायत पक्ष मन परेपछि लगानीकर्ताले सो आयोजनामा लगानीका लागि इच्छा प्रकट गर्छन् । बोर्डले २० वटा परियोजनामा आशयपत्र आह्वान गर्ने गरी तयारी अघि बढाइरहेको छ ।

# हेटौँडाको गुन्द्रुकलाई बजारीकरणको अनुमति

मकवानपुर । हेटौँडा उपमहानगरपालिका वडा नम्बर १२ का महिलाहरूले उत्पादन गरेको गुन्द्रुकले बिक्री-वितरणका लागि सरकारी मान्यता (अनुज्ञापत्र) पाएको छ ।

हेटौँडा-१२, घलेगाउँमा रहेको कञ्चनजंघा कृषि सहकारी संस्था लघु उद्यमी उद्योगमा आबद्ध महिलाहरूले उत्पादन थालेको गुन्द्रुकले अनुज्ञापत्र पाएपछि हेटौँडालगायत विभिन्न सहरमा बिक्रीका लागि अनुमति पाएको हो ।

समूहकी अध्यक्ष चिनीमाया गुरूङले आफूहरूले उत्पादन गरेको गुन्द्रुकलाई करिब चार महिनासम्मको नियमित परीक्षण र निगरानीपछि बिक्री अनुमति दिएको जानकारी दिइन् । उपमहानगरपालिकाले उपलब्ध गराएको तालिम र एक लाख बिउपुँजीबाट सुरू गरेको गुन्द्रुक उत्पादनले बजारीकरणको अनुमति पाउँदा खुसी लागेको उनले बताइन् ।

उपमहानगरपालिकाको एक लाख रूपैयाँबाट थालेको अर्गानिक साग उत्पादन गरी बनाएको गुन्द्रुकले बजारीकरणका लागि स्वीकृत पाउँदा आफूहरू निकै खुसी भएको उद्यमी समूहका अध्यक्ष चिनीमाया गुरूङले बताइन् । 'आय-आर्जनको खासै केही पेसा नभएको समयमा उपमहानगरपालिकाले तालिम र बिउपुँजीस्वरूप एक लाख दिने भएपछि गुन्द्रुक उत्पादन गरेका हौँ । उहाँहरूले बजारीकरणका लागि पनि पहल गर्ने वचन दिनुभएको छ,' उनले भनिन् ।

उपमहानगरको एक लाख र सहकारीबाट ८० हजार रूपैयाँ ऋण लिएर भाडाको १५ कट्ठा जमिनमा आफैँले साग लगाई गुन्द्रुक उत्पादन थालेको अध्यक्ष गुरूङको भनाइ छ । अनुज्ञापत्र नहुँदा उत्पादन गरेको गुन्द्रुक बजारमा लैजान नपाएर करिब तीन लाख रूपैयाँबराबरको गुन्द्रुक स्टोर गरेर राखेको पनि अध्यक्ष गुरूङले जानकारी दिइन् ।

'अब बजारीकरणको बाटो खुलेको छ । उपमहानगरपालिकासँगै सबैको सहयोगले समूहमा रहेका १२ जनाले गरेको कामले सार्थकता पाउँछ भन्नेमा विश्वास लागेको छ,' अध्यक्ष गुरूङले भनिन् । उपमहानगरपालिकाकी मेयर मीनाकुमारी लामाले समूहलाई अनुज्ञापत्र हस्तान्तरण गर्दै उपमहानगरको सहयोगमा उत्पादित गुन्द्रुकको बजारीकरणका लागि सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरिन् । उनले पहिलो चरणमा हेटौँडाका होटेलहरूमा प्रवर्द्धनका लागि राख्नका लागि पहल गर्ने र बाह्य जिल्लामा बिक्रीका लागि पनि सहयोग गर्ने बताइन् ।

कार्यक्रममा होटेल व्यवसायी संघ मकवानपुरका अध्यक्ष दिलिसगोविन्द जोशी, उपमेयर राजेश बानियाँ, प्रमुख प्रशासकीय अधिकृत रामबाबु पुरी, उपमहानगरपालिका आर्थिक विकास समितिका संयोजक अनिल बानियाँले स्थानीयस्तरमा उत्पादन भएको गुन्द्रुकले पहिलोपटक सरकारी मान्यता पाएको भन्दै बजारीकरणमा सहयोग गर्नुपर्ने बताए ।

## प्रदेशसभा...

सरकारमा कुनै एक दलको बहुमत नभएकाले गर्दा संघीय सरकार परिवर्तन हुने वित्तिकै प्रदेश सरकारहरू पनि फेरबदल हुने गरेका हुनाले प्रदेश सरकारको औचित्य सावित हुन सकेका छैन र अहिलेसम्म साते प्रदेशमा गरी ३५ जना भन्दा बढी व्यक्ति मुख्यमन्त्री भैसकेका छन् भने सयौँ व्यक्तिहरू मन्त्री बनिसकेका छन् । प्रदेश सरकारमा मन्त्रीहरूको संख्या नतोकिएकोले गर्दा दलहरूलाई भागवण्डा पुऱ्याउनका लागि मन्त्रालयहरूको संख्या बढाउने गरिएको छ ।

प्रदेश सरकारले जनताको हितमा भन्दा मुख्यमन्त्री र मन्त्रीहरूको संख्यामात्र बढाउँदा राज्यलाई ठुलो भार थपिने भएकाले गर्दा रेमिट्यान्समा चलिरहेको हाम्रो जस्तो देशले प्रदेश सरकारको भार बोक्न सक्ने अवस्था देखिँदैन । केन्द्रको छायाँ भएर सञ्चालन हुँदै आएको प्रदेश सरकारहरूको औचित्य सावित हुन नसकेकाले गर्दा संघीय सरकार र स्थानीय तहलाई बलियो बनाउँदै प्रदेश सरकारहरू खारेज गरिनु उपयुक्त हुनेछ ।

एक वर्षमा एउटा प्रदेशमा ५/७ पटक मुख्यमन्त्री बन्ने भएकाले गर्दा मुख्यमन्त्री उत्पादन गर्ने कारखाना जस्तो भएका प्रदेशसभालाई तत्काल खारेज गर्न सबै दल मिलेर संविधान संशोधन गर्न आवश्यक छ । स्थिर सरकार भएमात्र विकास निर्माणले तिव्रता पाउने भएकाले दुई ठुला दल मिलेर सरकार निर्माण गर्न अलिहेको आवश्यकता हो ।


## हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।

**हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**


सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौं • फोन : ४७९०२९५, मो. : ९८४१२५४८८५ • इमेल : devendrachudal@gmail.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार